मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ८३ ★ ने. सं. ११४६ चौला गा, चतुर्दशी ★ बिहीबार ★ ३ वैशाख, २०८३ ★ April 16, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## के आगजनी र निर्वाचनमा नेपाली सेना निर्णायक हो ?

(माउन्टेन टेलिभिजन र जनआस्था साप्ताहिकको समाचारअनुसार)

माउन्टेन टेलिभिजनसँगको अन्तर्वार्तामा अनिल योगीले प्रश्न उठाए– “एक लाख सेनामा असी हजार परिचालन गरेर बालेन्द्र साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार आगजनी निभाउन किन नगएको ? भदौ २३ गते निःशस्त्र ढङ्गले आन्दोलनमा विद्यालय पोशाकमा आएका विद्यार्थीलाई गोली चलाउन कसले आदेश दिए ? देश खरानी हुँदा काम नलाग्ने बन्दुक के गर्न ? विदेशीहरूको डिजाइनमा गऱ्यो । आन्दोलनलाई उक्साउनेहरू जिम्मेवार हुन् ।”

जनआस्था साप्ताहिकको २०८२ चैत २५ गते प्रकाशित समाचारमा उल्लेख छ– “राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाको संयोजकत्वमा गठित समितिको प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्रीसरह नै वर्तमान प्रधानसेनापति अशोक सिग्देललाई समेत जिम्मेवार ठहऱ्याइएको छ भने राष्ट्रिय सुरक्षा परिषद्का सदस्य दुई मन्त्री उपर पनि कारबाही हुनुपर्ने किटान गरिएको छ ।”

सो समाचारमा उल्लेख छ– “आयोगका एक सहसचिव भन्छन्– काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र साह, हामी नेपालका अध्यक्ष सुधन गुरुङ, रास्वपा सभापति रवि लामिछानेलाई पनि बयान गराइएको छ । तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, अर्थमन्त्री विष्णु पौडेल, रक्षामन्त्री मानबहादुर राई, प्रधानसेनापति अशोकराज सिग्देललाई मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा आयोगले दोषी ठहर गरेको छ । आन्दोलनलाई हिंसात्मक बनाउन हामी नेपाल नामक एनजीओका अध्यक्ष तथा वर्तमान गृहमन्त्री गुरुङ खास भूमिका रहेको, मानव अधिकारको गम्भीर उल्लङ्घन हुन पुगेको, त्यही कारण देशमा आगो बलेको निष्कर्ष आयोगले निकालेको छ । सुरक्षा परिषद् सदस्यका अलावा प्रधानसेनापतिको भूमिकासमेत आयोगले गम्भीर प्रश्न उठाएको छ । सुरक्षाको जिम्मा पाएको सेना के कारणले सक्रिय हुन सकेन, किन मूकदर्शक बस्यो जस्ता प्रश्न उठाइएको छ । रविकै कारण देशभरका जेलहरू तोडिएको, कैदीहरू बाहिर आई हिंसा भड्किएको जस्ता कारण देखाएर रविलाई मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा आयोगले दोषी ठहर गरेको अनुसन्धानमा संलग्न एक सदस्यले बताए ।”

सो समाचारमा थप उल्लेख छ - “तत्कालीन प्रधानमन्त्री केपी ओलीदेखि प्रधानसेनापति अशोक सिग्देलसहित सुरक्षा परिषद्का सदस्यहरूलाई आयोगले संविधानको धारा २४९ को (क) अनुसार मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा फौजदारी अभियोगमा अनुसन्धान गरी कारबाही प्रक्रिया अगाडि बढाउन सिफारिस गरेको हो । वर्तमान गृहमन्त्रीदेखि प्रधानसेनापतिसम्म मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा ठहर भएको कारण कतै अध्यक्षज्यू डराउनुभएको त होइन ? भन्ने शङ्का उब्जिएको छ, आयोगका एक सहसचिव भन्छन् ।”

सो पत्रिकाको चैत २७ गतेको समाचारमा उल्लेख छ– “जेनजी विद्रोह भनिएको भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको मानव अधिकार उल्लङ्घनको घटना छानबिन गरी दोषीलाई कारबाही सिफारिस गर्ने कार्यादेशसहित आयुक्त लिली थापाको संयोजकत्वमा

***बाँकी पृष्ठ ८ मा***

## नयाँ शैक्षिक सत्र सुरुआत र आइतबारको बिदा सम्बन्धमा सरोकारवालाहरूसँग छलफल



भक्तपुर, २ वैशाख । नेपाल सरकारले नयाँ शैक्षिक सत्र सुरुआत र आइतबारको बिदा सम्बन्धमा भक्तपुर नगरपालिकाले सरोकारवाला विद्यालय सङ्गठन, अभिभावक सङ्घलगायतसँग बुधबार छलफल गऱ्यो ।

छलफलमा सहभागी प्रतिनिधिहरूले माध्यमिक तहसम्मको विद्यालयसम्बन्धी एकल अधिकार स्थानीय तहलाई संविधानले नै प्रदान गरेको र शिक्षा नियमावली नै वैशाख १ गतेदेखि नयाँ शैक्षिक सत्र सुरु हुने उल्लेख भएको सन्दर्भमा नेपाल सरकारले गृहकार्य नै नगरी हतारमा नयाँ शैक्षिक सत्र वैशाख १५ बाट सुरु गर्ने निर्णय गर्नु सही नभएको बताए ।

नेपालमा सार्वजनिक बिदा बढी भएको र विद्यमान पाठ्यभार पूरा गर्न कठिनाइ भइरहेको बेला आइतबारको बिदाले विद्यार्थीहरूको शैक्षणिक क्रियाकलापमा नकारात्मक प्रभाव पर्ने आशङ्का व्यक्त गरे ।

सहभागी प्रतिनिधिहरूले अभिभावक र विद्यार्थीहरूको भावनाको सम्मान गर्दै भक्तपुर नगरपालिकाले उपयुक्त निर्णय लिनेमा विश्वास व्यक्त गरे ।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त छलफलमा जनप्रतिनिधिहरू, नगर शिक्षा शाखाको प्रमुख, इसान, प्याब्सन, एन. प्याब्सन, हिसान, सार्वजनिक शैक्षिक गुठी सञ्चालक सङ्घ, अभिभावक सङ्घलगायका प्रतिनिधिहरूको उपस्थिति थियो ।

यस विषयमा नगरपालिकाको चैत ३० गते सामुदायिक विद्यालयसँग सम्बन्धित सार्वजनिक विद्यालय, संयुक्त परीक्षा समिति, सामूहिक परीक्षा समिति र आधारभूत विद्यालय संयुक्त परीक्षा समितिका प्रतिनिधिहरूसँग छलफल गरी राय सुझाव लिएको नगरपालिका स्रोतले बतायो ।

## अभिभावक सङ्घ नेपालद्वारा नगरप्रमुखलाई ज्ञापनपत्र



भक्तपुर, २ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका निवर्तमान अध्यक्ष मणिरत्न बज्राचार्यले ज्ञापनपत्र पढेर बुधबार व्यासी, भक्तपुर नगरपालिकाको प्रमुखको कार्यकक्षमा बुझाउनुभयो ।

ज्ञापनपत्र बुझ्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विभिन्न सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधिसँग छलफल चलाइरहेको र बिदा दिने नदिनेबारे सरोकारवालाहरूसँगको छलफलपछि निर्णय गर्ने बताउनुभयो ।

अभिभावक सङ्घ नेपालका अध्यक्ष रामकृष्ण प्रजापतिले विभिन्न विद्यालयका अभिभावक र संस्थागत विद्यालयका साथीहरूले भर्ना अभियान र कक्षा सञ्चालन गर्ने र आइतबार बिदा प्रभावकारी नभएकोले यसबारे अभिभावक सङ्घका साथीहरूले आवाज उठाउनुपर्ने सरसल्लाहअनुसार आजको यो ज्ञापनपत्र प्रस्तुत गरेको बताउनुभयो ।

ज्ञापनपत्रमा भनिएको छ - अभिभावकहरूमा शिक्षाबिना चौतर्फी विकास नहुने चेत खुलिसकेको छ । आफूले खाई नखाई वा आधा पेट भोकै बसेर वा आफ्नो छाक काटेर भए पनि आफ्ना बालबालिकाको भविष्यको लागि शिक्षामा लगानी गरिरहेका छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति, आर्थिक मन्दी र अमेरिका - इजरायलले इरानमाथि गरेको आक्रमणको कारण अभिभावकहरूको मजदुरी, नोकरी, व्यापार-व्यवसाय आदि कामले खान लाउन धौ धौ परेको अवस्था छ ।

वर्तमान सरकारले पनि विद्यालय सञ्चालनबारे विस्तृत अध्ययन नै नगरी

***बाँकी पृष्ठ ८ मा***

## नयाँ भर्ना, दुईदिने बिदा र कक्षा सञ्चालनबारे इसानको विज्ञप्ति

शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत १२ को निर्णय तथा मिति २०८२/१२/२३ गतेदेखि सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिने निर्णयप्रति संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) को ध्यान गम्भीर रूपमा आकर्षण भएको छ ।

विशेषगरी शैक्षिक क्षेत्र संवेदनशील एवम् जिम्मेवार क्षेत्र हो । यस्तो क्षेत्रबारे कुनै महत्त्वपूर्ण निर्णय गर्दा सरोकारवाला पक्षसँग गम्भीर छलफल नगर्नु र तत्कालीन परिस्थिति मात्र हेरेर दीर्घकालीन प्रभाव पर्ने कदम चाल्नु सही मान्न सकिन्न । देश सङ्कटको घडीमा छ । शिक्षा क्षेत्र सङ्कटबाट टाढा छैन । यस्तो बेला सुझबुझपूर्ण ढङ्गमा पाइला चाल्नुपर्थ्यो । सरकारले परिपक्वता देखाउन सक्नुपर्थ्यो । तर, सरकारका पछिल्ला निर्णयहरूबाट शैक्षिक क्षेत्र झन् बढी अस्थिर तथा अस्तव्यस्त हुने सङ्केत देखिँदै छ । तसर्थ, निम्न बुँदामा इसान नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

क) संविधानतः विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहमा रहेको अवस्थामा केन्द्रीय तहबाट विद्यालय सञ्चालनसम्बन्धी निर्देशन दिनु विरोधाभासपूर्ण छ ।

ख) शिक्षा ऐनअनुसार वैशाख २ गतेदेखि शैक्षिक सत्र सुरु हुँदै आएकोमा ऐनविपरीत वैशाख १५ गतेदेखि शैक्षिक सत्र सुरु गर्नुपर्ने केन्द्रीय सरकारको निर्देशनले शैक्षिक क्षेत्रमा थप अन्योल छाएको छ ।

ग) हप्तामा दुई दिन बिदा तर्कसङ्गत एवम् व्यवहारिक नभएको ।

घ) हप्तामा दुई दिन बिदा सम्बन्धमा धेरै अभिभावकबाट गुनासो प्राप्त भएको । पाठ्यक्रमले तय गरेको उद्देश्य हासिल गर्न समय अपुग हुने ।

ङ) सिकाइ प्रक्रिया निरन्तर प्रक्रिया भएकाले बिदा नदिई विद्यालय चलाउनु विद्यार्थीको सिकाइ विकासका लागि आवश्यक भएको ।

च) शैक्षिक सत्र २०८३ को क्यालेन्डर निर्माण तथा वितरण भइसकेको र आवश्यक तयारीसमेत सम्पन्न भइसकेको हुनाले पूर्वतयारीको नाउँमा लामो समय अनावश्यक भएको । वैशाख पहिलो हप्तालाई नै शैक्षिक सत्र प्रारम्भ मिति कायम गर्नु व्यवहारिक हुने ।

छ) वैशाखजस्तो अनुकूल मौसममा पठनपाठन शीघ्र गरी वर्षाको बखत प्रतिकूल मौसममा पठनपाठन सुरु गर्न कठिन हुने यथार्थतर्फ यथोचित ध्यान पुऱ्याउन आवश्यक भएको ।

ज) विद्यार्थीमा कुनै दबाब नपर्ने गरी कक्षा ५ सम्म परीक्षा सञ्चालन गर्दापरिणाम सकारात्मक हुने । बरु, परीक्षा सञ्चालन नगर्दा सिकाइ उपलब्धिमा नकारात्मक

***बाँकी पृष्ठ ८ मा***

## विद्यार्थीले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे बुझ्नु जरुरी

भक्तपुर, २ वैशाख । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा नेक्राविसङ्को संयुक्त सम्पर्क समितिको आयोजनामा नव वर्ष २०८३ को शुभकामना आदानप्रदान तथा अभिभावक - विद्यार्थीको भेटघाट कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा सचिव सुवालले विद्यार्थीले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे बुझ्नु जरुरी रहेको बताउनुभयो । विद्यार्थीले सधैँ सत्य र तथ्यमा आधारित सूचना लिनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीकालमै राजनीतिक रूपमा सचेत र देशभक्ति भावना विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सल्लाहकार सदस्य बजिरसिंह विकले विद्यार्थीले असल राजनीतिक पार्टीको सिद्धान्त, विचार बुझ्नुपर्ने र हुलको पछाडि नजान जोड दिनुभयो । उहाँले देशभक्त र देशघाती पार्टीबिच फरक छुट्याउनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नवराज कोइरालाले असल व्यक्ति बन्न असलको सङ्गत गर्नुपर्नेमा जोड दिनुभयो । विद्यार्थी कालमै असल, देशभक्ति विचार विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा शिवलाल डाँगीले देश, समाज र राजनीति बुझ्नुपर्नेमा जोड दिनुभयो । व्यापक निम्न वर्गको जनतालाई निःस्वार्थ सेवा गर्ने विचार र सिद्धान्त नेमकिपाको रहेको बताउनुभयो । कार्यक्रममा निरकबहादुर शाहीले अग्रजबाट विद्यार्थीले ज्ञान, सीप र अनुभव सिक्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा जे.भी. तिमल्सेना, प्रकाश गुरुङ र राजन भण्डारीले पनि बोल्नुभएको थियो ।



**बिस्का: जात्रामा जिब्रो छेड्दै श्रेष्ठ**

भक्तपुरको मध्यपुर थिमि बोडेमा हरेक वर्ष मनाइने बिस्का तथा जिब्रो छेड्ने जात्रामा चौथो पटक जिब्रो छेड्दै सुजनबाग श्रेष्ठ । जिब्रो छेडिसकेपछि १५ वटा दीपसहितको भ्ये बोकेर नगर परिक्रमा गरिँदै । तस्बिर: रत्न श्रेष्ठ/रासस

# जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुने

काठमाडौँ, २ वैशाख । राष्ट्रिय पञ्जीकरणका सूचना नागरिक एपमा एकीकरण गर्ने प्रक्रिया अघि बढाइएको छ । जन्म दर्ता, विवाह दर्ता, सम्बन्धबिच्छेद दर्तालगायतका पञ्जीकरणका सूचना एकीकृत प्रणालीमा आबद्ध गर्ने प्रक्रिया थालिएको सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिनुभयो ।

अहिले यी विवरणाहरू एकीकरणका लागि प्रारम्भिक प्रक्रिया थालिएको र केही समयभित्र कार्यान्वयनमा ल्याउनेगरी तयारी भइरहेको उहाँको भनाइ छ । तथ्याङ्क एकीकरणपछि जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुनेछन् ।

पछिल्लो समय सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिक सेवाहरूलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिइरहेको छ । जसअन्तर्गत निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोक सेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपमार्फतै प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको विभागले जनाएको छ । त्यस्तै, नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इन्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढाइएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने र ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको थियो । तर, सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दाअगावै यी कामहरू सकिसक्न विभागलाई निर्देशन दिनुभएको छ । यस पहललाई अघि बढाउन सञ्चारमन्त्री तिमिल्सिनाले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिनुभएको छ । सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यही चैत १३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख भएको थियो । नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ । नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन-स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झन्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ । ***रासस***

# वैद्यखानाले अब 'जीएमपी' मापदण्ड अनुसार औषधि उत्पादन गर्ने

काठमाडौँ, २ वैशाख । सिंहदरबार वैद्यखानाबाट उत्पादन हुने आयुर्वेदिक औषधिलाई विश्व स्वास्थ्य सङ्गठनको कुशल उत्पादन अभ्यास (जिएमपी) मापदण्डमा लैजाने तयारी गरिएको छ ।

समितिका कार्यकारी निर्देशक डा. प्रदीप केसीले चाँडै वैद्यखानाबाट उत्पादन हुने औषधि जिएमपी मापदण्डमा उत्पादन गरिने बताउनुभयो । उहाँका अनुसार यसै वर्ष शिलाजित, मिमियालगायत औषधिलाई जिएमपी मापदण्डअनुसार उत्पादन गरिनेछ । आगामी आर्थिक वर्षदेखि चुर्ण र ट्याब्लेटलाई जिएमपी मापदण्डमा उत्पादन गरिने उहाँको भनाइ छ ।

कार्यकारी निर्देशक केसीले आफू समितिको अध्यक्ष भएर आएदेखि औषधि उत्पादन बढेको बताउनुभयो । उहाँका अनुसार १०३ प्रकारका औषधि उत्पादन गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले लक्ष्यभन्दा बढी औषधि उत्पादन गरिरहेका छौँ । चालु आवमा ८४ औषधि उत्पादन गर्ने लक्ष्य भए पनि हामीले १०३ प्रकारका औषधि उत्पादन गरिरहेका छौँ । सबैको सहयोगबाट वैद्यखानामा औषधि उत्पादन बढाइएको छ ।"

आव २०८१/८२ मा ७७ औषधि उत्पादन गर्ने भने तापनि ४० प्रकारका औषधि उत्पादन गरिएको थियो । यस्तै, आव २०८०/८१ मा १४ प्रकारका, आव २०७९/२०८० र आव २०७८/२०७९ मा १५ प्रकार, आव २०७७/०७८ मा २५ प्रकारका औषधि उत्पादन भइरहेको थियो ।

कार्यकारी निर्देशक केसीले विगत पाँच वर्षदेखि घाटामा रहेको वैद्यखानालाई औषधि उत्पादन बढाएर नाफामा पुऱ्याइएको बताउनुभयो । वैद्यखानाले चालु आवमा वार्षिक ५५ हजार किलो बराबरको कच्चापदार्थबाट औषधि उत्पादन गर्दै आइरहेको छ । वैद्यखानाले हालसम्म १०१ खरिद आदेशमा सम्झौता भएर ८५ काम सम्पन्न गरिसकेको छ । ***रासस***

# शुक्रबार संसदीय समितिका सभापतिको निर्वाचन

काठमाडौँ, २ वैशाख । प्रतिनिधिसभाअन्तर्गतका विषयगत समितिको सभापतिको निर्वाचन यही वैशाख ४ गते हुँदैछ । 'मिनी संसद्' का रूपमा रहेका समितिका सभापतिको निर्वाचनका लागि सङ्घीय संसद् सचिवालयले यसअघि नै निर्वाचन कार्यक्रम प्रकाशित गरिसकेको छ ।

निर्वाचन कार्यक्रमअनुसार बिहीबार अपराह्न १ देखि ४ बजेसम्म 'सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस्' भन्ने प्रस्ताव दर्ता गर्न सकिनेछ । सभापतिको मनोनयनसम्बन्धी प्रस्तावमा सम्बन्धित समितिका एक जना सदस्य प्रस्तावक र सोही समितिका कुनै एक जना सदस्यको समर्थक हुनुपर्ने सङ्घीय संसद् ( प्रतिनिधिसभा) का सचिव हर्कराज राईले जानकारी दिनुभयो ।

सोही दिन अपराह्न ४:३० बजेसम्म निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको दर्ताक्रमानुसारको सूची प्रकाशित हुनेछ । शुक्रबार अपराह्न १ बजे बस्ने सम्बन्धित समितिको बैठकमा प्रस्तावले प्रस्ताव गर्ने, समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्ने र उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछ ।

एकभन्दा बढी समितिमा प्रदेश सदस्य रहनुहुने मन्त्रीले सभापतिको निर्वाचनमा मतदान हुने अवस्था आएमा सोको जानकारी निर्वाचन हुनुभन्दा २४ घन्टा अगावै सम्बन्धित समितिमा लिखितरूपमा गराउन सचिवालयले अनुरोध गरेको छ ।

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभाका १०, राष्ट्रियसभाका चार र दुई संयुक्त समिति रहेका छन् । प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार, कृषि, सहकारी तथा प्राकतिक स्रोत, पूर्वाधार विकास, महिला तथा सामाजिक मामिला, राज्यव्यवस्था तथा सुशासन, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि, सार्वजनिक लेखा, अर्थ, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति रहेका छन् ।

संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्क समिति रहेका छन् । ***रासस***

# स्थानीय तहसँग मागियो विद्यालय समायोजनको विवरण

काठमाडौँ, २ वैशाख । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानवस्रोत विकास केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको कार्यान्वयनका क्रममा विद्यालय समायोजन र नयाँ स्थापना गरिएका विद्यालयको विवरण मागेको छ ।

केन्द्रले सबै स्थानीय तहलाई पत्राचार गरेर मन्त्रिपरिषद्को गत चैत १३ को बैठकको निर्णयमा रहेको १०० बुँदे कार्यसूचीअन्तर्गत पर्ने विद्यालय शिक्षा क्षेत्रका विषयबारेको विवरण मागेको हो । केन्द्रले भौगोलिक सूचना प्रणालीको प्रयोगमार्फत वैज्ञानिक नक्साङ्कन गरी जनसङ्ख्याको बदलिँदो स्वरूप, भौगोलिक विकटता, विद्यार्थी सङ्ख्या र दुरी आदिका आधारमा विद्यालय समायोजन गरिएका तथा नयाँ स्थापना गरिएका विद्यालयको विवरण स्थानीय तहसँग मागेको छ ।

केन्द्रका निर्देशक डा. श्यामप्रसाद आचार्यले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम निजी लगानीका विद्यालय र सार्वजनिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालय ऐनद्वारा निर्धारित अनुपातमा अनिवार्यरूपमा छात्रवृत्ति उपलब्ध गराउने विद्यालयगत विद्यार्थी विवरण पनि माग गरिएको बताउनुभयो ।

यसैगरी, विविध कारणले जन्मदर्ताको प्रमाणपत्र प्राप्त गर्न नसकेका बालबालिकाका हकमा स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउने र त्यसरी भर्ना भएका विद्यार्थी विवरण पनि माग गरिएको छ । ***रासस***

# १० हजारभन्दा बढी अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द

काठमाडौँ, २ वैशाख । अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट ( यूआरएल) बन्द गरिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो ।

"सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन् । नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको सङ्ख्यामा बन्द गरेको छ, यस्ता एप र वेभसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलिरहेको छ," लामिछानेले रासससँग भन्नुभयो ।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो । मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ ।

सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो । उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ । उक्त प्रावधान उल्लङ्घन गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु. १० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था छ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिठ्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सोविपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा रु. १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको छ ।

सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ । साथै, कसैले अनधिकृत रूपमा यस्ता गतिविधि सञ्चालन वा प्रयोग गरेको पाइएमा सम्बन्धित निकायबाट कडा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

प्राधिकरणले नागरिकलाई सचेत रहन, यस्ता अवैध डिजिटल गतिविधिबाट टाढा रहन तथा कुनै पनि शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ । ***रासस***

# टोखामा बिस्केट जात्रा सुरु

काठमाडौँ, २ वैशाख । टोखामा बिस्केट जात्रा सुरु भएको छ । नेवार समुदायको बाहुल्य रहेको यहाँको सपनतीर्थमा मेला पनि लागेको छ ।

जात्रा व्यवस्थापन समितिका सहसंयोजक गणेशमान श्रेष्ठका अनुसार हिजो मन्दिरबाट गाउँमा रथ ल्याउने र गाउँ परिक्रमा गरी सपनविनायकको रथ यलागः टोलमा, चण्डेश्वरीको रथ थलागः टोलमा र मसानकालीको रथ भूतखेलमा बिसाइएको थियो । बुधबार बिहान तीनवटै रथ गाउँ परिक्रमा गरेर मसानकालीको रथ भूतखेलको पाटीमा बिसाएपछि बलि पूजा लिई कोठु गणेश र मसानकाली दुवै रथ थलागः टोलमा बिसाइन्छ । बुधबार अपराह्न तलेजुबाट सिन्दुरजात्रा गरिन्छ ।

वैशाख ३ गते बिहान तपलाक्षीःबाट सिन्दुरजात्रा गरी देवता हासल टोलमा देव रथ बिसाइन्छभने अपराह्न जीवित देवी कुमारीसहित सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोख्याइने उहाँले जानकारी दिनुभयो ।

जात्राको अन्तिम दिन वैशाख ४ गते बिहान बाजागाजासहितको सन्दुरजात्राले गाउँ परिक्रमा गर्ने कार्यक्रम छ । वैशाख ५ गते बिहान लिङ्गो ढालेसँगै जात्रा समापन हुन्छ ।

**टोखामा बुधबार सार्वजनिक बिदा**

बिस्केट जात्राका अवसरमा टोखा नगरपालिकाले बुधबार टोखा नगरपालिकाभर सार्वजनिक बिदा दिएको छ । गत चैत १५ गतेको टोखा कार्यपालिका बैठकले बुधबार नगरपालिका क्षेत्रमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो । ***रासस***

# राष्ट्रिय आर्थिक गणना सुरु

काठमाडौँ, २ वैशाख । देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण सङ्कलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु भएको छ ।

देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्याङ्क सङ्कलन थालेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

उक्त कार्यालयले बुधबार यहाँ पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्याङ्क सङ्कलनमा परिचालन हुने जानकारी दिएको हो ।

उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको सङ्ख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ ।

अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ । गणनामा दर्ता भएका तथा नभएका साना-ठुला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन ।

गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन् । साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ । प्रवक्ता लामिछानेले भन्नुभयो, “रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन् । प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन ‘इ-सेन्सस’ प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली (जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ ।” साथै उहाँले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा सङ्घसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गर्नुभयो । सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ । ***रासस***



ढुङ्गेधारा

वीरेन्द्रनगर नगरपालिकाले वीरेन्द्रनगर-१० स्थित बुलबुलेमा निर्माण गरिएको ढुङ्गेधारा । *तस्बिर: हेमन्त केसी/रासस*

# सम्झौता भएनन् सिँचाइका १० योजना

पर्वत, २ वैशाख । आर्थिक वर्ष सकिन तीन महिनामात्र बाँकी रहँदा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयअन्तर्गत सिँचाइसम्बन्धी योजना सम्झौता हुन सकेको छैन ।

चालु आर्थिक वर्षका लागि उपभोक्तामार्फत कार्यान्वयन गर्ने गरी बजेट विनियोजित भएका थिए ।

कार्यालयमार्फत चालु आवमा ७८ वटा सिँचाइ तथा नहर पुनर्स्थापनाका योजनाका लागि गण्डकी प्रदेश सरकारमार्फत रु. १० करोड ४२ लाख बजेट विनियोजन भएको थियो । तीमध्ये २४ वटा योजना सम्पन्न भइसकेका छन् भने बाँकी ४४ वटा योजना कार्यान्वयनको चरणमा छन् । बाँकी १० योजना भने सम्झौता नै हुन नसकेको कार्यालय प्रमुख सागर भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार सम्बन्धित किसान तथा उपभोक्ता समितिको सहभागिता नहुँदा ती योजना सम्झौता प्रक्रियामै रोकिएका छन् । “सम्झौताका लागि पटक-पटक सूचना गर्दा पनि किसान आउनुभएको छैन, यसले गर्दा केही योजना अघि बढ्न सकेका छैनन्,” उहाँले भन्नुभयो ।

उहाँका अनुसार सम्झौता प्रक्रियामा सिँचाइ उपभोक्ता समिति गठन तथा दर्ता अनिवार्य हुनुका साथै प्रतिरोपनी एक सय रूपैयाँका दरले रकम जम्मा गर्नुपर्ने प्रावधान छ । गाउँस्तरमा उपभोक्ता समितिमा बस्ने व्यक्तिको अभाव, मूल्यवृद्धिका कारण नागरिकमा चासो घट्नु तथा प्रक्रियागत झन्झटले पनि सहभागिता कम भएको भट्टराईले जानकारी दिनुभयो ।

नेपाल किसान महासङ्घका अध्यक्ष रघुनाथ गौडेलले योजना सम्झौता नहुनुमा किसानमात्र दोषी नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “योजनाबारे समयमै पर्याप्त जानकारी नपुग्नु, लागत साझेदारीको स्पष्टता नहुनु र प्रक्रिया जटिल हुनुका कारण किसान अलमलमा परेका छन् । साना बजेटका योजनामा धेरै झन्झट र आर्थिक दायित्व हुँदा किसानको आकर्षण घटेको छ ।”

उहाँका अनुसार पछिल्लो समय बढ्दो महँगी, कामदार अभाव र कृषि पेसाप्रति घट्दो रुचिले पनि किसानलाई योजना प्रक्रियामा सक्रिय हुन कठिन भएको छ । “किसानलाई सहज बनाउनेगरी नीतिगत सुधार र सचेतना आवश्यक छ, नत्र यस्ता योजना कागजमै सीमित हुने जोखिम रहन्छ,” गौडेलले थप्नुभयो ।

# जीपीएस जडान : जन्जिरबाट स्याटेलाइट प्रविधिसम्मको नापी सेवा

रसुवा, २ वैशाख । भूमि प्रशासनलाई आधुनिक, वैज्ञानिक र विश्वसनीय बनाउने उद्देश्यसहित नापी विभागले धुन्चेमा विश्वव्यापी स्थान निर्धारण प्रणाली (जिपिएस) उपकरण जडान गरेको छ ।

नापी कार्यालयका प्रमुख शिवजी केसीका अनुसार जग्गा जमिनको वास्तविक विवरण सङ्कलन, नापीनक्साको ‘डिजिटल’ अभिलेख निर्माण गर्न तथा विकास आयोजनाका लागि आवश्यक ‘डेटा’ सङ्कलन गर्न यो प्रणाली महत्त्वपूर्ण मानिन्छ । सुरक्षालाई मध्यनजर गर्दै प्रमुख जिल्ला अधिकारीको सरकारी निवास परिसरभित्र जिपिएस स्टेसन जडान गरिएको उहाँले जानकारी दिनुभयो । निरन्तर सञ्चालन हुने सन्दर्भ केन्द्र नयाँ प्रणालीअन्तर्गत निरन्तर सञ्चालन केन्द्र स्थापना गरिएको छ ।

नापी विभागका अधिकृत शङ्कर केसीका अनुसार उक्त उपकरणले जडान गरिएको स्थानबाट करिब ३० देखि १०० किलोमिटर दूरीसम्मको भूभागको विवरण उच्च सटिकतासहित सङ्कलन गर्नसक्ने क्षमता राख्छ । यस प्रविधिको प्रयोगले नाप नक्सा गर्ने क्रममा अब जमिनको वास्तविक शुद्धताका साथ क्षेत्रफल, भोगाधिकार तथा उपयोग अवस्थाको यकीन तथ्याङ्क तयार गरी कर प्रणालीलाई समेत व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै डिजिटल भूमार्गचित्र निर्माण कार्य पनि सहज हुने बताइएको छ ।

**नेपालमा भूमि नाप्ने प्रणालीको इतिहास**

तत्कालीन राजा पृथ्वीनारायण शाहको पालादेखि सुरुमा माटो मुरीको आकलनबाट सुरु गरिएको मापन प्रणाली क्रमशः फलामे जन्जिर (चेन) प्रयोग गरी जमिन नाप्ने चलन सुरु भएको बताइन्छ । समयक्रममा प्रविधि विकाससँगै नापी प्रणाली पनि रूपान्तरण हुँदै गयो ।

विसं २०१८ पछि टेलिस्कोप तथा थियोडोलाइट उपकरणमार्फत वैज्ञानिक नापी प्रणाली लागू भयो । विसं २०३५ मा रसुवामा टेलिस्कोप प्रयोग गरी नापनक्सा तयार गरिए पनि ती नक्साका कोठा सानो स्केलमा भएकाले व्यावहारिक प्रयोगमा सीमित रहँदै आएका छन् । हाल स्याटेलाइट प्रविधिमा आधारित जिपिएस प्रणाली प्रयोगसँगै नेपालको नापी सेवा डिजिटल युगमा प्रवेश गरेको मानिएको छ ।

**विकास आयोजना र भूउपयोग अध्ययनमा सहयोग**

नयाँ जिपिएस प्रणालीबाट जलविद्युत् आयोजना निर्माण क्षेत्रको यकिन मापन, दुर्गम भेगको भू-उपयोग अध्ययन, जङ्गल, पर्ति जमिन, चट्टान, खोला-खाल््छी तथा प्राकृतिक संरचनाको आकार र क्षेत्रफल निर्धारण गर्न सहज हुने नापी विभागले जनाएको छ ।

**पुराना नक्साबाट सेवाग्राही हैरान**

स्थानीय किसानका अनुसार पुराना नक्सा झुत्रो अवस्थामा पुगिसकेका छन् भने नापी कार्यालयबाट उपलब्ध हुने सानो स्केलको नक्साले आफ्नो जग्गा आफैँले छुट्याउन कठिन भइरहेको छ । नयाँ प्रविधिबाट ठुलो स्केलमा दायाँबायाँ प्राकृतिक रूपमा रहेका सङ्केत चिन्नसमेत प्रत्येक कित्ता स्पष्ट देखिने विश्वास गरिएको छ ।

**शुल्क र सेवा प्रवाहप्रति असन्तुष्टि**

नक्सा प्रिन्ट शुल्कसम्बन्धी व्यवस्थाप्रति सेवाग्राहीले असन्तुष्टि जनाएका छन् । पहिले एक पाना नक्सामा जतिसुकै कित्ता समावेश भए पनि रु. १०० शुल्क लाग्ने व्यवस्था रहेकामा हाल नापी विभागका कर्मचारीले स्वविवेक प्रयोग गरी प्रतिकित्ता रु. १०० शुल्क लिन थालिएको भन्दै सेवाग्राहीले मूल्य पुनरावलोकनको माग गरेका छन् ।

साथै साविककै ठुलो सिट नक्सालाई व्यवस्थित गरी एमोनिया पेपरको प्रिन्टमार्फत उपलब्ध गराउने व्यवस्था मिलाउन आग्रह गरिएको छ । यस्तै, राजस्व काउन्टर नखोली बैङ्कमार्फत मात्रै रकम जम्मा गर्नुपर्ने र ई-सेवाबाटसमेत राजस्व तिर्ने व्यवस्था नहुँदा दुर्गम क्षेत्रका सेवाग्राहीलाई अनावश्यक झन्झट बेहोर्नुपरेको गुनासो छ ।

**डिजिटल भूमि व्यवस्थापनतर्फ कदम**

जन्जिरबाट सुरु भएको नेपालको नापी प्रणाली आज स्याटेलाइट प्रविधिमा आधारित प्रणालीसम्म आइपुगेको छ । धुन्चेमा जडान गरिएको जिपिएस उपकरणले रसुवाको भूमि प्रशासनलाई पारदर्शी, तथ्यपरक र प्रविधिमैत्री बनाउन मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

स्थानीयवासीको अपेक्षा भने स्पष्ट छ, प्रविधिसँगै सेवा प्रवाह पनि सरल र जनमुखी बन्नसके मात्र आधुनिक नापी प्रणालीको वास्तविक लाभ सर्वसाधारणसम्म पुग्नेछ । ***रासस***

# वन्यजन्तु सप्ताह : लाङटाङ राष्ट्रिय निकुञ्ज संरक्षणको यात्रा

**ज्ञानेन्द्र न्यौपाने/रासस**

रसुवा, २ वैशाख । नयाँ वर्ष २०८३ को सुरुआतसँगै हिमाली जैविक विविधताको धरोहर मानिएको लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रको संरक्षणका लागि चेतना अभिवृद्धि गर्ने उद्देश्यले वन्यजन्तु सप्ताह सुरु गरिएको छ ।

लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय रसुवाले आयोजना गरेको सप्ताहव्यापी कार्यक्रमले संरक्षणप्रति समुदायस्तरमा चेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । रसुवागढीदेखि नुवाकोटको दुप्चेश्वर हुँदै सिन्धुपाल्चोकको स्याउलेसम्म फैलिएको एक हजार ७१० वर्गकिमी निकुञ्ज क्षेत्र र आसपासका क्षेत्र समेटिएको करिब ४२० वर्ग किलोमिटर मध्यवर्ती भू-भागसहितको वन क्षेत्र जैविक विविधताको दृष्टिले नेपालको महत्त्वपूर्ण प्राकृतिक सम्पदा मानिन्छ ।

यही क्षेत्रमा पाइने वन्यजन्तु, वनस्पति तथा प्राकृतिक प्रणालीको दीर्घकालीन संरक्षणका लागि ‘सुरक्षित मानिस, संरक्षित वन्यजन्तु : जैविक विविधताको सदुपयोग, समृद्धिको दिगो सेतु’ भन्ने मूल नारासहित कार्यक्रम सञ्चालन गरिएको हो ।

**संरक्षणको चुनौती**

संरक्षणको उदाहरण बन्दै गएको लाङटाङ क्षेत्र विगत केही वर्षमा गम्भीर प्राकृतिक र मानवीय दबाबबाट गुज्रिएको थियो । दशकौँअघि यहाँका जङ्गल स्थानीय जीविकोपार्जन, अत्यधिक दाउरा कटान, चरन क्षेत्र विस्तार तथा अवैध सिकारका कारण क्रमशः कमजोर बन्दै गएको थियो ।

हिमाली क्षेत्रका दुर्लभ वन्यजन्तु-विशेषगरी रेडपाण्डा, कस्तुरी मृग र हिम चितुवाको अवैध सिकार एक समय ठूलो चुनौती बनेको थियो । जनसङ्ख्या वृद्धि, सडक विस्तार र चेतनाको अभावले वन्यजन्तुको बासस्थान खण्डित हुँदै गएको संरक्षणकर्मीहरू बताउँछन् ।

यसैबीच २०७२ सालको विनाशकारी भूकम्प र त्यसपछिका पहिरो तथा प्राकृतिक प्रकोपले लाङटाङ उपत्यकाका जङ्गल, वन्यजन्तुको मार्ग र पर्यावरणीय सन्तुलनमा असर परे पनि बिस्तारै पुनः जीवनको रूपमा अगाडि बढेको छ । कतिपय स्थानमा वन्यजन्तुको आवास नै परिवर्तन हुन पुगेको थियो ।

**संरक्षणको नयाँ अध्याय**

यी चुनौतीपछि संरक्षणप्रति राज्य, स्थानीय समुदाय र संरक्षण संस्थाहरूको संयुक्त पहलले लाङटाङ क्षेत्रमा नयाँ अध्याय सुरु भयो । निकुञ्ज प्रशासन, नेपाली सेना, स्थानीय सरकार, सामुदायिक संस्था तथा संरक्षणकर्मीहरू मिलेर जैविक विविधता जोगाउने अभियान तीव्र बनाइयो ।

गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङले संरक्षणमा हालसम्मका गतिविधि सन्तोषजनक रहेको उल्लेख गर्दै आगामी दिनमा जनसहभागितामूलक कार्यक्रम अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । स्थानीय सरकार संरक्षण कार्यमा आवश्यक सहयोग गर्न तयार रहेको उहाँको भनाइ थियो ।

गैरसरकारी संस्था लाकोसका अध्यक्ष सन्तोष घलेले रेडपाण्डा संरक्षणका लागि खेलकुद, विशेषगरी भलिबल प्रतियोगितामार्फत, समुदायमा चेतना फैलाउँदै आएको जानकारी दिनुभयो । संरक्षणलाई सामाजिक अभियानसँग जोड्न आवश्यक रहेको उहाँको भनाइ छ ।

कार्यक्रममा कर्मचारी मिलन केन्द्रका जिल्ला अध्यक्ष एवं नापी अधिकृत शिवजी केसीले जैविक विविधता संरक्षणमा सबै क्षेत्रको सहकार्य अपरिहार्य हुने बताउनुभयो ।

**दुर्लभ वन्यजन्तुको सुरक्षित आश्रय**

वरिष्ठ संरक्षण अधिकृत श्यामकुमार साहका अनुसार लाङटाङ राष्ट्रिय निकुञ्जमा हाल ४६ प्रजातिका स्तनधारी जनावर पाइने अभिलेखमा उल्लेख गरिएको छ । यहाँ लोपोन्मुख रेडपाण्डा, हिमचितुवा, हिमाली ठूलो भालु, ब्वाँसो, पहरेबाँदर, बँदेल, कस्तुरी मृगलगायत महत्त्वपूर्ण प्रजातिहरूको बासस्थान रहेको छ ।

वन्यजन्तुविज्ञ डा. मुकेशकुमार चालिसेले डाँफे, मुनाल, कस्तुरी मृगजस्ता दुर्लभ प्रजातिको उपस्थितिले लाङटाङ क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमै महत्त्वपूर्ण जैविक क्षेत्र बनाएको छ । लाङटाङ निकुञ्ज क्षेत्रमा अनेकौँ पंछीहरू रहेका छन् । संरक्षण सफल बनाउन समुदाय र निकुञ्जबीच हातेमालोका साथ अगाडि बढ्न डा चालिसेले सुझाव दिनुभयो ।

**कानुनी संरक्षण र सुरक्षा घेरा**

हिमाली राष्ट्रिय निकुञ्ज ऐन २०२९, नियमावली २०३६ तथा मध्यवर्ती क्षेत्र ऐन २०५६ अनुसार निकुञ्ज क्षेत्रमा सुरक्षा व्यवस्थालाई कडाइका साथ लागू गरिएको छ । नेपाली सेनाको सिङ्गो गण परिचालन गरी नियमित गस्ती, अवैध चोरी सिकार नियन्त्रण र वन संरक्षणको काम भइरहेको संरक्षणकर्मीले बताएका छन् ।

**संरक्षणमा समुदायको भूमिका**

पहिले जङ्गललाई केवल स्रोतका रूपमा हेर्ने सोच अहिले परिवर्तन हुँदै गएको छ । स्थानीय बासिन्दा, पर्यटन व्यवसायी, विद्यार्थी, आमा समूह तथा युवा क्लबहरू संरक्षण अभियानमा जोडिन थालेका छन् । पर्यावरण संरक्षणसँगै पर्यापर्यटन, आयआर्जन र स्थानीय समृद्धि जोडिँदै गएको छ ।

**संरक्षणको सन्देश**

जङ्गल बच्यो भने वन्यजन्तु बच्छन्, वन्यजन्तु बचे भने हिमालको पर्यावरण र मानव जीवन सुरक्षित रहने विज्ञहरूको भनाइ पाइएको छ । वन्यजन्तु सप्ताह केवल कार्यक्रम मात्र नभई विनाशको अनुभवबाट सिकेर संरक्षणको संस्कृतिमा रूपान्तरण हुँदै गएको लाङटाङ निकुञ्जले जनाएको छ ।

। सम्पादकीय ।

# कुन प्रतिबद्धतालाई जनताले विश्वास गर्ने ?

नसोचेझैं रास्वपाले जनताको बहुमत पायो र बालेन्द्र साहको नेतृत्वमा सरकार गठन भयो । उत्साहित रास्वपाका प्रधानमन्त्री र नेताहरूमा के के न गरुँजस्तो हुनु स्वाभाविक हो । के कार्य गरेर विगतको सरकारभन्दा फरक सरकारको परिचय दिने चाहना हुनु अनौठो होइन । यही भएर सरकारले सुरुमा 'एक सय कार्यसूची' अगाडि सा¥यो । अहिले सरकारले आर्थिक क्षेत्रको स्थायित्व र सुधारसहित १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता' को मस्यौदा सार्वजनिक ग¥यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मङ्गलबार शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीअनुसार प्रतिनिधिसभामा रहेका ६ वटै दलका घोषणापत्र, वाचापत्र र प्रतिबद्धताअनुसार राष्ट्रिय प्रतिबद्धताको मस्यौदा बनाइएको सरकारको दाबी छ । प्रधानमन्त्री कार्यालयले प्रतिनिधिसभा सदस्यका लागि २०८२ फागुन २१ गते सम्पन्न निर्वाचनबाट संसद्मा आएका दलका घोषणापत्रको आधारमा तयार गरिएको भनिएको राष्ट्रिय प्रतिबद्धताको मसौदामा सम्बन्धित राजनीतिक दलबाट वैशाख १० गतेभित्र राय एवम् सुझाव माग गरेको छ । यसअघि सरकारले ०८२ चैत १३ गते शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची जारी गरेको थियो ।

शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीका सबै मूलभूत विषयहरू राष्ट्रिय प्रतिबद्धतामा समेटिएका छन् कि छैनन् ? राष्ट्रिय प्रतिबद्धता सार्वजनिक भइसकेपछि सरकारले संसद्मा प्रतिनिधित्व गर्ने दलहरूसँग वैशाख १० गतेभित्र सुझाव मागेको छ । अन्य दलसँग मागेको सुझावलाई सरकारले आत्मसात ग¥यो भने १८ बुँदे प्रतिबद्धतासित कसरी मिल्छ ? नेपाली जनताले एक सय कार्यसूची, १८ बुँदे राष्ट्रिय प्रतिबद्धता र हाल मागेको सुझाव केलाई विश्वास गर्ने ? कुन कार्य योजनालाई सरकारले मान्यता दिने र जनताले विश्वास गर्ने ? फरक–फरक समय र मितिमा फरक–फरक प्रतिबद्धता व्यक्त गरेर सरकारले भ्रम पार्ने काम गरेकोमा जनता तीनछक्क परेका छन् । संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको प्राप्त सुझावको आधारमा सरकारले के अर्को प्रतिबद्धता ल्याउने हो ? नयाँ सरकारले नयाँ बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न बाँकी नै छ । त्यो बजेट, नीति तथा कार्यक्रम पनि फरक योजनासहितको हुनेछ । यसरी सरकारले पहिलो गाँसमै ढुङ्गा भनेझैं जनताको मन जित्ने नाउँमा फरक–फरक प्रतिबद्धता व्यक्त गरेर अन्योल छाउने काम ग¥यो ।

सरकारले सार्वजनिक गरेको प्रतिबद्धता लागू हुन्छ कि हुँदैन ? त्यो अर्को पाटो छ । आगामी ५ वर्षभित्र गरिबीको दर १० प्रतिशतमा झार्ने, सङ्कटग्रस्त सहकारी बचतलाई भुक्तानीमा प्राथमिकता दिने, विद्यालय शिक्षा क्रमश: नि:शुल्क र अनिवार्य गर्ने, त्रिभुवन विश्वविद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउने, खेल प्रशासनमा राजनीतिक नियुक्ति अन्त्य गर्ने, भ्रष्टाचार नियन्त्रणका लागि २०४६ सालपछि पदमा रहेका व्यक्तिको सम्पत्ति पारदर्शी गर्ने आदि काम सरकारले गर्छ कि गर्दैन ? त्यो पनि जनचासोको विषय बनेको छ । सरकारी कर्मचारीलाई राजनीतिक आबद्धताबाट मुक्त गरिने, सरकारी सेवाभित्रको दलीय ट्रेड युनियन खारेज गर्ने र आउँदो पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याउने आदि विषय पनि मस्यौदामा उल्लेख छ ।

एकातिर देशको आर्थिक स्थिति सुधार्न सरकारले प्रशासन संयन्त्रमा काम गर्ने कर्मचारी कटौती गर्ने कुरा उद्घोष गरेको छ भने अर्कोतिर २५ प्रतिशत जनशक्ति भित्र्याउने कुरा छ । एकातिर कर्मचारी घटाएर अर्कोतिर थप्ने सरकारको प्रतिबद्धताले आफ्नो मान्छे नियुक्ति गर्ने हो कि भन्ने शङ्का उब्जाएको छ । सरकारले नेपाल प्रथम, नेपाली प्रथमको अवधारणा पनि अघि सारेको छ । के कार्यमा नेपाल प्रथम र नेपाली प्रथम बनाउने हो ? नेपाल प्रथम र नेपाली प्रथम बनाउने आधार के हो ? त्यसको निम्ति सरकारले के–के पूर्वाधार तयार गरेको छ ? सरकारले कार्यक्रममात्र सार्वजनिक गरेर देश सुदृढ बन्ने होइन; नेपाल प्रथम र नेपाली प्रथम हुने होइन । सरकारले सार्वजनिक गरेका यी प्रतिबद्धताहरू कतै लोकाचारको निम्ति मात्र ल्याएको होइन ? जोशमा होस नपु¥याई नीति निर्माण गर्दा हतारमा निर्णय गरेर पछुताउने त होइन ?

# "मान्छेको हत्या गर्ने लोकतन्त्र हामीलाई चाहिन्न"

✍ निकोलस एमवाङ्गी



बुर्किनाफासोका राष्ट्रपति इब्राहिम त्राओरेको पछिल्लो अन्तर्वार्ता भाइरल भयो । यसपछि त्यो अन्तर्वार्ताबारे विश्वभरि चर्चा हुँदै छ । पश्चिमा मिडियाहरूले त्राओरेलाई प्रजातन्त्रविरोधी भनेर हेडलाइन लेखे । कतिपयले 'त्राओरे आजीवन सैन्य शासन थोपर्ने ताकमा छन्' समेत भने । यी विश्लेषणहरू सनसनीपूर्ण छन्, तर भ्रामक छन् । पश्चिमा मिडियाहरूले त्राओरेको भनाइलाई राजनीतिक, ऐतिहासिक र भौतिक पृष्ठभूमिबाट अलग्याउन खोज्दै छन् । पश्चिम अफ्रिकाको साहेल क्षेत्रको इतिहास नबुझी त्राओरेको भनाइ बुझ्न सकिन्न ।

**लोकतन्त्र चाहिन्छ, तर कस्तो लोकतन्त्र ?**

त्राओरेको भनाइ हावादारी थिएन । देशको सुरक्षा, सार्वभौमिकता र अस्तित्वको विषयमा छलफल हुँदै गर्दा उनले त्यसो भनेका थिए । साहेल क्षेत्र अनेक सशस्त्र विद्रोहहरूबाट आक्रान्त छ । खासगरी आतङ्ककारी समूह अल–कायदासँग जोडिएका जिहादी समूहहरूले साहेल क्षेत्रलाई धेरै वर्षदेखि अस्थिर बनाउँदै आएका छन् । साहेल देशहरूमा स्थायित्वको सङ्कट छ ।

अन्तर्वार्तामा त्राओरेलाई निर्वाचनको बारेमा प्रश्न गरियो । भर्खरै बनेको क्रान्तिकारी बडापत्रले उनलाई शासन लम्ब्याउन दिन्छ कि दिन्न भनी सोधियो । यहीनिर लोकतन्त्रको प्रश्न उठेको थियो ।

जवाफमा उनले तत्काललाई निर्वाचन चासोको विषय नभएको बताए । बुर्किनाफासो देश अहिले अस्तित्वको सङ्कटमा छ । यी खतराको सामना गर्नु र राज्यको पुनर्निमाण गर्नु नै अहिलेको प्राथमिक कार्य हो । यही पृष्ठभूमिमा रहेर त्राओरेले 'जनताले अहिले लोकतन्त्रलाई बिर्सनुपर्छ' भनेका थिए ।

त्राओरेले भने, "हामीले सत्य बोल्नैपर्छ । यस्ता मानिसहरूले देखाउने गरेको लोकतन्त्र हाम्रा लागि होइन । यसमा हाम्रो चासो छैन ।"

हो, त्राओरेले 'लोकतन्त्र हाम्रो लागि होइन' भने । यो हावादारी भनाइ होइन । उनले एउटा मोडलको आलोचना गरेका हुन् – पश्चिमा उदारवादी प्रजातन्त्रको मोडल । पश्चिमा देशहरूले यो मोडललाई जबरजस्ती अफ्रिकामाथि थोपरेका थिए । राजनीतिक हस्तक्षेप, बल प्रयोग र आर्थिक सहयोग दिँदा सर्त राखेर अफ्रिकामा यो मोडल लागू गरिएको थियो ।

उनले लिबियाको उदाहरण दिए । नेटो देशहरूले लिबियामा हस्तक्षेप गरे, त्यो देशलाई ध्वस्त पारे । अफ्रिका महादेशभरि नै यो उदाहरण फिट खान्छ । त्राओरेका लागि लिबिया एउटा खतराको घण्टी हो । हो, लिबियाका आफ्नै आन्तरिक अन्तर्विरोधहरू थिए । तर, 'लोकतन्त्र/प्रजातन्त्र' को नाममा त्यो देशलाई ध्वस्त पारियो । अहिले लिबिया अराजकता, विस्थापन र मानवीय सङ्कटले आक्रान्त छ ।

त्राओरेले भने, "हामीले काम गर्ने तरिकालाई जरैबाट बदल्न जरुरी छ । तर, त्यो भन्दा महत्त्वपूर्ण हामीले जनताको मनोदशा बदल्नुपर्छ किनभने जनताले आफ्नो आँखा खोल्न जरुरी छ, संसारलाई आफ्नै आँखाले देख्न जरुरी छ । अनि मात्र हामी फेरिफेरि जालमा पर्नबाट जोगिन सक्छौं । जनता नायक हुन्, लोकतन्त्र दासत्व हो । संसारमा कहीं पनि लोकतन्त्र छैन । लोकतन्त्र भएजस्तो नाटक मात्र गर्छन् तिनीहरू । तिनीहरू मनपरी गर्छन् । आफूले भनेजस्तो गराउन तिनीहरूले मान्छे मार्छन् । लोकतन्त्रले मान्छे मार्छ । हामीलाई लोकतन्त्र चाहिन्न । हे भगवान् ! हामीलाई यस्तो लोकतन्त्रबाट बचाऊ । हामी आफ्नै यात्रामा छौं; देशको पुनर्निमाणमा केन्द्रित छौं; क्रान्तिमा केन्द्रित छौं । यो यात्राबाट मात्र विकास सम्भव छ ।"

'लोकतन्त्रले मान्छे मार्छ' भन्दै गर्दा त्राओरेले 'लोकतन्त्र' लाई प्रयोग गरेर अवैध रूपमा अरु देशमा सत्तापलट गर्ने, तिनलाई तखतमा राख्ने र हिंस्रक उपायबाट राज्यको पुनर्संरचना गर्ने भूराजनीतिक खेलको निन्दा गरेका हुन् । भेनेजुएला र इरानमा अहिले यही खेल खेलिँदै छ । नेताहरू 'अलोकतान्त्रिक' भए भन्दै अमेरिकाले आफ्नो हस्तक्षेपलाई उचित ठह¥याउँदै छ ।

त्राओरेको भनाइलाई साहेल क्षेत्रका देशहरूले भोगिरहेको सार्वभौमिकताको सङ्कटसँग जोडेर हेर्नुपर्छ । माली, नाइजर र बुर्किना फासोजस्ता देशले बारम्बार अस्थिरता, देशमा विदेशी सेनाको उपस्थिति र आर्थिक परनिर्भरताको भुमरी भोग्दै आएका छन् ।

यी देशहरूमा अहिले सैन्य नेतृत्वमा सरकार बनेका छन् । यी सरकारका आफ्नै चुनौतीहरू छन् । तर, जनताले नवउदारवादी शासन प्रणालीलाई अस्वीकार गरेको हुनाले यी सरकार बनेका हुन् । साहेल क्षेत्रमा खासगरी पूर्वउपनिवेशवादी देश फ्रान्सको पकड थियो ।

यही राजनीतिक भावभूमिबाट त्राओरे बोलिरहेका थिए । उनले 'क्रान्ति', 'पुनर्निर्माण' र 'मनोदशा बदल्नुपर्ने' मा जोड दिए । यसरी उनले बाहिरबाट थोपरिएको खोक्रो शासन मोडल तोड्न खोजे; पश्चिमा मोडललाई चुनौती दिए ।

**साहेल क्षेत्रबारे गलत बुझाइ**

त्राओरेको भनाइलाई उदार प्रजातन्त्रवादीहरूले अनेक कोणबाट व्याख्या गरेका छन् । तर, उनीहरूको व्याख्या निकै साँघुरो छ । पाठ्यपुस्तकमा लेखिने लोकतन्त्रको परिभाषा भट्याएर गरिने विश्लेषणको कुनै तुक छैन । जहाँ राज्य नै खतरामा हुन्छ, देशको भूभाग नियन्त्रणमा राख्न हम्मेहम्मे पर्छ, आन्तरिक राजनीतिमा विदेशीहरूको हालिमुहाली हुन्छ, त्यहाँ उनीहरूको व्याख्या र परिभाषाले काम गर्दैन ।

यसले गर्दा गलत व्याख्या र राजनीतिक वक्तव्यबाजी चल्छ । सबथोकलाई जबरजस्ती (अफ्रिकी) तानाशाहीसँग जोडिन्छ । यसरी सार्वभौमिकताको मूल मुद्दालाई 'अलोकतान्त्रिक' भन्दै अँध्यारो कुनामा मिल्क्याइन्छ ।

यही प्रवृत्ति अहिले अन्त पनि देखिँदै छ । युक्रेनमा राष्ट्रपति जेलेन्स्कीले निर्वाचन पन्छाए । देश युद्धमय हुनाले उनले निर्वाचन नगराउने घोषणा गरे । हुन त युक्रेनको सन्दर्भ एकदम भिन्न छ । तर, सिद्धान्त एउटै हो । सङ्कटको बेला राजनीतिक प्रक्रियालाई पन्छाइएको छ । यहाँनिर पश्चिमा मिडियाले अफ्रिकाको भन्दा उल्टो कुरा गर्दै छन् । उनीहरूको भनाइमा सङ्गति देखिन्न ।

साहेल देशहरूले लिएको बाटो एकदम चुनौतीपूर्ण छ । राजनीतिक, आर्थिक र सामाजिक चुनौतीहरू छन् । त्राओरेको भनाइलाई खालि प्रजातन्त्रसँग जोड्नु मूल मर्मलाई ओझेल पार्नु हो । यहाँनिर 'लोकतन्त्रविरुद्ध तानाशाही' को भाष्य मात्र छैन; सार्वभौमसत्ता, विकास र आफ्नो राजनीतिक बाटो आफै तय गर्ने सामाजिक हकको सङ्घर्ष पनि जोडिएको छ ।

त्राओरेको भनाइलाई बुझ्न साहेल क्षेत्रलाई आजको आकार दिने ऐतिहासिक यथार्थलाई केलाउन जरुरी छ ।

*स्रोत : एमआर अनलाइन*

*अनुवाद : सम्यक*

# ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकले नेपालको भविष्यको रूप रेखा पनि कोरेको छ



सुनिल प्रजापति, प्रमुख भनपा

आज हामी ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकको तेस्रो संस्करणबारे परिचर्चा कार्यक्रम गर्दै छौँ। सर्वप्रथम यो पुस्तक नगरपालिकाको तर्फबाट प्रकाशन गर्ने अनुमति दिनुभएकोमा लेखक एवं नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

यो पुस्तकको पहिलो संस्करण २०५९ असोजमा र दोस्रो संस्करण २०७४ असारमा सार्वजनिक भएको थियो। यसको अङ्ग्रेजी भाषामा पनि प्रकाशित छ। पुस्तकको आकार सानो भए पनि यसले राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय स्तरको महत्त्व बोकेको छ।

‘नाचगानको राजधानी भक्तपुर’ का लेखक विद्वान जगदिश शमशेर राणाले भक्तपुरको सङ्गीतबारे मूल्याङ्कन गर्दै लेख्नुभएको छ–“सङ्गीतकारहरूको सङ्ख्या यो सहरको जनसङ्ख्याको औसतमा विश्वको कुनै सहरभन्दा ज्यादा छ।”

जर्मन सम्पदाविद् निल गोत्सोले ५० वर्ष नेपालमा बिताएर स्वदेश फर्कने क्रममा भक्तपुरको वास्तुकलाको मूल्याङ्कन गर्दै भन्नुभयो, “भक्तपुर संसारकै जीवित सङ्ग्रहालय हो।”

अर्का विद्वान् ई.ए. पावेलले “भक्तपुरको दरबार क्षेत्र घुम्नुमात्रै पनि विश्वको आधा संसार घुमेसरह हुन्छ” भन्नुभएको छ।

यसरी देश र विदेशका संस्कृतिविद्, वास्तुकलाविद् तथा विभिन्न विषयका विद्वानहरूले समेत प्रशंसा गरेको भक्तपुरबारे लेखिएको अत्यन्त महत्त्वपूर्ण किताब हो- ‘सय वर्षपछिको भक्तपुर’।

भक्तपुर नगरको विषयमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा ‘सय वर्षपछिको भक्तपुर’ शीर्षकमा लेख लेख्नुभएको थियो। विभिन्न लेखहरूसहितको सङ्ग्रहीत रूप ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकको रूपमा भने २०५९ सालमा मात्र प्रकाशित भयो। नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित भएपछि पुस्तकले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चा पाउँदै गयो। पुस्तकको माग धेरैतिरबाट हुन थाल्यो। भक्तपुरमा विभिन्न पालिकाका प्रमुख, उपप्रमुखहरू, सांसदहरू विभिन्न उच्चपदस्थ व्यक्तित्वहरू भक्तपुरको विकासबारे बुझ्न आउनुहुन्थ्यो। हामी भक्तपुरको विकासको मार्ग चित्र भएको यही पुस्तक उहाँहरूलाई दिने गर्छौं। पुस्तकको चर्चासँगै माग बढ्दै गयो। त्यसपछि हामी नगरपालिकाले नै पुस्तकको तेस्रो संस्करण प्रकाशन गर्ने निष्कर्षमा पुग्यौँ र आज यो पुस्तक यहाँहरूसमक्ष प्रस्तुत गर्दै छौँ।

यस पुस्तकले भक्तपुर नगरको सय वर्षपछिको रूप रेखा देखाएको छ। पुस्तकमा भक्तपुरको भविष्यको शिक्षा, स्वास्थ्य, सरसफाइ, पर्यटन, सम्पदा संरक्षण, यातायातलगायत सबै पक्ष समेटिएको छ र यहाँका जनता र जनप्रतिनिधिहरूलाई काम गर्न मार्ग निर्देश गरिएको छ। कसैले भक्तपुरको भविष्यबारे सोधेको खण्डमा हामी गर्वका साथ भन्न सक्छौँ–सय वर्षपछिको भक्तपुर नै हाम्रो लक्ष्य हो। हो, हामी त्यही सपनालाई साकार पार्न कतिबद्ध भएर लागिरहेका छौँ। बिचमा कुनै बाधा व्यवधान नआएमा धेरै अगाडि नै त्यो सपना साकार हुनेमा हामी विश्वस्त छौँ।

अझ त्यसलाई अगाडि बढाउन २०५८ साल माघ २१ गते सम्पन्न “भक्तपुर जिल्लालाई पर्यटकीय गन्तव्य, शिक्षा र संस्कृतिको केन्द्र बनाउने” बारेमा भएको बृहत् छलफल कार्यक्रममा अध्यक्ष बिजुक्छेँले “१५ वर्षभित्र भक्तपुर पहिलो साक्षर र प्रत्येक घरमा एक स्नातक वा सो सरहका नाचगान वा चित्रकलाका कलाकार, खेलाडी वा भाषाहरूका ज्ञाता, होटल व्यवस्थापन गर्ने, पर्यटक गाइड वा हस्तकलाका शिक्षक उत्पादन गर्न सकिने” विचार राख्नुभएको थियो। त्यो विचार नै भक्तपुरका जनता, राजनीतिक कार्यकर्ता र जनप्रतिनिधिहरूलाई विकासको लागि अगाडि बढ्ने ऊर्जा थियो।

त्यहीबाट भक्तपुरले परिवर्तनको क्रान्तिकारी मोड लियो। भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप उमावि, २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, त्यसपछि शारदा कलेज/मावि हुँदै २०७९ सालमा ख्वप कलेज अफ लसमेत गरी ७ वटा शैक्षिक संस्थाहरू स्थापना र सञ्चालन गरी शिक्षामा आमूल परिवर्तनको बाटोमा अघि बढ्यो र बढिरहेको छ। साढे दुई दशकको यो शैक्षिक यात्रापछि भक्तपुर नगरपालिकालाई सरकारले अनुमति प्रदान गऱ्यो वा विश्वविद्यालय सञ्चालन गर्न आवश्यक विधेयक पारित गरिदियो भने विश्वविद्यालय सञ्चालन गर्ने तयारीसम्ममा अगाडि बढेको छ।

भक्तपुर एक घर एक स्नातक मात्र होइन, दुई हजारभन्दा बढी इन्जिनियरहरू भएको नगर बन्न पनि सफल भएको छ। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययन गर्ने नगरका इन्जिनियरहरूको सङ्ख्या मात्र पनि २०६७ पुगेको छ। अन्य कलेजहरूबाट उत्तीर्ण भएको सङ्ख्यासमेत हिसाब गर्ने हो भने त्योभन्दा धेरै छन्। क्षेत्रफलको आधारमा हेर्ने हो भने हामी नेपालको कुनै पनि जिल्ला र नगरको भन्दा बढी इन्जिनियरहरू भएको नगर भनेर भन्न सक्ने अवस्थामा पुगेका छौँ।

आज भक्तपुर घर घरमा गएर स्वास्थ्य उपचार सेवा दिनेदेखि वडा वडामा स्वास्थ्य केन्द्र र १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरेर स्वास्थ्य सेवा सहज उपलब्ध हुने ठाउँ वा स्वास्थ्य उपचारको केन्द्रको रूपमा विकास भइरहेको नगरको रूपमा परिचित हुँदै छ।

२०७२ सालको भूकम्पले क्षत विक्षत बनाएको सबैजसो सम्पदाहरू पुन: निर्माण र जीर्णोद्धार गरी भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने प्रयास भइरहेको छ। नेपाल आउने पर्यटकहरूमध्ये २५ देखि ३० प्रतिशत पर्यटकहरूले भक्तपुर घुम्ने गरेको रेकर्ड छ। गत आ.व. २०८१/८२ मा साढे दुई लाख पर्यटकले भक्तपुर भ्रमण गरेका थिए। यो वर्ष भदौ २३ र २४ को आन्दोलन र विभिन्न अन्तर्राष्ट्रिय जगतमा भएको युद्धको कारण देशभित्र आउने पर्यटकहरू प्रभावित भएको छ। त्यसको असर भक्तपुर नगरलाई पनि परेको छ।

अहिले सफा र सुन्दर नगर बनाउन भक्तपुर नगरपालिकाले मुख्य सडकहरूमा ढुङ्गा छपाइ र तार भूमिगत गर्ने कार्य गरिरहेको छ, खोला सफा गर्न हनुमन्ते र सल्लाघारीमा दुई वटा उपचार पोखरीहरू निर्माणाधीन अवस्थामा छन्। युवाहरूलाई विदेशी भाषाको तालिम, सीपमूलक तालिम दिएर शिक्षासँगै आत्मनिर्भर बनाउने कोसिस भइरहेको छ।

यी सबै काम गर्नको निम्ति मार्ग निर्देश गरिएको पुस्तक हो ‘सय वर्षपछिको भक्तपुर’। भक्तपुरबारे धेरैले विभिन्न पक्षमा अध्ययन र अनुसन्धान गरेका छन्। सबैले आ-आफ्नो किसिमले भक्तपुरको बारेमा सूक्ष्म विश्लेषण गरी निष्कर्ष निकालेका छन्।

त्यसरी भक्तपुरबारे विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्ने दुई जना लेखक हुनुहुन्छ -मानवशास्त्रीहरू डा. सुरेश ढकाल र सञ्जीव पोखरेल। आजको यो कार्यक्रममा डा. ढकाल हाम्रोसामु उपस्थित हुनुहुन्छ। उहाँहरूले भक्तपुरमा भएको किसान आन्दोलन, राजनीति र रूपान्तरणबारे गहन अध्ययन गर्नुभयो। उहाँहरूले भक्तपुर कसरी बदलियो ? सरसफाइ अभियान, भूमिसुधारको आन्दोलन, सार्वजनिक शौचालयको अवस्था, भक्तपुर नगरपालिकाको नेतृत्वबारे सूक्ष्म विश्लेषण गर्नुभयो र निष्कर्ष निकाल्नुभयो -आधुनिकीकरणतर्फ, प्रजातन्त्रतर्फ लक्षित सामाजिक रूपान्तरणको कार्यक्रमले आफ्नो लक्ष्य त्यतिबेला मात्र हासिल गर्न सक्छ जब त्यसले सम्बन्धित जनताको सामाजिक, आर्थिक र सांस्कृतिक अनुभवलाई ध्यान दिन्छ। भक्तपुरबारे अध्ययन अनुसन्धान गर्ने सबैप्रति हार्दिक धन्यवाद दिन्छौँ।

सबैको संयुक्त प्रयासले आज ‘सय वर्षपछिको भक्तपुर’ का लेखक बिजुक्छेँले देख्नुभएको सपना पूरा गर्ने क्रममा भक्तपुर अगाडि बढ्दै छ। पुस्तकमा उहाँ लेख्नुहुन्छ–“भक्तपुर आश्चर्यजनक नगर हो। बिहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो र राती साँची प्राचीन लुगा लगाएकी सुन्दरी वा नर्तकीजस्तो।”

हो, भक्तपुरले आज स्वदेशी मात्र होइन, विश्वको ध्यान आकर्षित गर्न खोज्दै छ। भक्तपुरले आफूसँग रहेका मूर्त र अमूर्त सम्पदाहरूको महत्त्वलाई बुझेर संरक्षण गर्दै विश्वकै एक हेर्नलायक नगरको रूपमा विकास गर्ने प्रयास गरिरहेको छ। यो पुस्तकमा भक्तपुरको मात्र होइन, पचास वर्षपछिको नेपालको रूप रेखा पनि कोरिएको छ। यस पुस्तकलाई हामीले विभिन्न क्षेत्रका बौद्धिक व्यक्तित्वहरूसम्म पुऱ्याउने कोसिस गर्नेछौँ। यस्तो सुन्दर नेपाल र त्यसभित्रको भक्तपुर नगरको भविष्यको परिकल्पनाकार का. रोहितप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौँ।

*(भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चैत २९ गते नगरपालिकाको आयोजनामा भएको ‘**सय वर्षपछिको भक्तपुर**’ पुस्तकको परिचर्चा कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# मार्क्सको ‘स्पिसिज बिइङ’ के हो ?

✍ डेनिस टालोन

कार्ल मार्क्सले ‘स्पिसिज बिइङ’ (species-being) को अवधारणा अघि सार्नुभयो। यसले मानिस र पृथ्वीको सम्बन्ध बुझ्न सहयोग गर्छ। ‘स्पिसिज बिइङ’ लाई नबुझी यो सम्बन्ध बुझ्न सकिन्न।

“एउटा पशुले आफू र आफ्ना बालबच्चालाई तत्काल चाहिने चीज मात्र उत्पादन गर्छ। यसले एकतर्फी उत्पादन गर्छ। तर, मान्छेले चौतर्फी ढङ्गले उत्पादन गर्छ।... मान्छेले सौन्दर्यका लागि पनि वस्तु पैदा गर्छ।”

मलाई मानव जातिको ‘वास्तविक स्वभाव’ (true nature) बारे गफिन उति रुचि लाग्दैन। ‘मानव स्वभाव’ बारे गरिने दाबी वाहियात हो। हामी यी दाबीलाई प्रमाणित गर्न सक्दैनौँ। सके पनि हामी विकसित (evolve) हुँदै जाँदा त्यो ‘स्वभाव’ फेरिँदै जान्छ। मानिसहरू ‘हामी ‘स्वभाव’ ले नै लोभी हुन्छौँ’ भन्छन्। लौ यो दाबी सही भयो रे। तब मानव अस्तित्व कायम राख्न हामीले त्यो ‘स्वभाव’ लाई बदल्नुपर्छ। यस्ता दाबीहरूभन्दा बरु मलाई मार्क्सको विचार गजब लाग्छ। उहाँले ‘स्पिसिज बिइङ’ को अवधारणा अघि सार्नुभयो। यसको जग भौतिकवादी छ। कुरा यति मात्र छैन। पर्यावरणलाई पनि समेट्ने हुनाले मलाई यो विचार रोचक लाग्छ।

‘स्पिसिज बिइङ’ भनेको के हो त ? मार्क्सको विचारमा मानिसको मूल (essence) कुनै जड ‘स्वभाव’ होइन, बरु एक अन्तरनिर्भरता हो। यही अन्तरसम्बन्धले हाम्रो जैविक जीवन तय गर्छ। हामीले खानुपर्छ, सुत्नुपर्छ र बाँच्नलाई न्यानोपन चाहिन्छ। त्यही भएर हामी प्रकृतिका अंश हौँ। हामी प्रकृतिभन्दा माथि पनि होइनौँ, तल पनि होइनौँ। बरु हामी प्रकृतिमै छौँ; प्रकृतिकै हौँ। यो दोहोरो सम्बन्ध हो। (खेतीपाती आदिमार्फत) जमिनलाई बदल्दै गर्दा हामीले आफूलाई पनि बदल्छौँ। बाँच्नका लागि हामीले प्रकृतिसँग अन्तरक्रिया गर्नैपर्छ। हाम्रा भौतिक आवश्यकता छन्। हामी यी आवश्यकता परिपूर्ति गर्ने उपाय सोच्छौँ। त्यसपछि प्राकृतिक स्रोतसाधनबाट आफूलाई आवश्यक चीजबीज तयार गर्छौं। प्रक्रिया पूरा हुन्छ। यो प्रक्रियालाई हामी ‘उत्पादन’ भन्छौँ। (हामीले प्रकृतिमा उत्पादन गर्छौं, जवाफमा प्रकृतिले हामीलाई एक सामाजिक प्रणालीको रूपमा उत्पादन गर्छ।) अर्को भाषामा भन्नुपर्दा प्रकृतिले हामीलाई सामाजिक रूपमा पुनरुत्पादन गर्छ। यही हो मूल-सत्य; यही हो ‘स्पिसिज बिइङ’। यो अवधारणा कुनै अलौकिक वा आदर्शवादी जगमा उभिएको छैन। सत्य वा न्यायको कसी यहाँ काम लाग्दैन। बरु, यो अवधारणा भौतिक यथार्थको जगमा आधारित छ। यहाँ हाम्रो अस्तित्वको सवाल मात्र छैन। बरु योभन्दा धेरै गहिराइमा जान्छ ‘स्पिसिज बिइङ’ को अवधारणा।




मार्क्सले तर्क गर्नुभयो - हामी उत्पादनबारे सोच्छौँ, योजना बनाउँछौँ र योजनाअनुसार काम गर्छौं। यसले नै मानिसलाई अन्य पशुहरूबाट अलग बनाउँछ। पशुहरूले केवल बाँच्नका लागि एकतर्फी उत्पादन गर्छन्। मानिसले एकतर्फी र चौतर्फी उत्पादन गर्छ; आवश्यकता र आनन्दका लागि उत्पादन गर्छ। उत्पादन गर्दै गर्दा मानिसले वस्तुको पुनरुत्पादन मात्र गर्दैन। उसले समग्र समाज र प्रकृति जगतलाई पनि पुनरुत्पादन गर्छ। यो अविरल आदानप्रदानलाई मार्क्सले ‘सामाजिक मेटाबोलिज्म’ भन्नुभयो। यो एक भौतिक प्रक्रिया हो। यसमा मानिस र प्रकृतिले एकअर्कालाई उत्पादन र पुनरुत्पादन गरिरहन्छन्। उत्पादनको सार्वभौम क्षमता हो यो। यसले मानिस र प्रकृति दुवैलाई पुनरुत्पादन गरिरहन्छ। एक सुसङ्गत ‘सामाजिक मेटाबोलिज्म’ (social metabolism) यसरी नै चल्छ।

यो ‘मेटाबोलिक सम्बन्ध’ उत्पादनभन्दा पनि गहिरो छ। मार्क्सको विचारमा एक अजैविक वस्तुको रूपमा प्रकृतिले जैविक आवश्यकता मात्र परिपूर्ति गर्दैन। प्रकृतिको छाप कला, विज्ञान र संस्कृतिमार्फत हाम्रो चेतनामा पस्छ। प्राकृतिक जगतसँग हाम्रा इन्द्रीयहरूको विशेष लगाव छ। यहीबाट हाम्रो बौद्धिक र सौन्दर्यात्मक अस्तित्व जन्मिन्छ। प्राकृतिक स्रोतसाधनलाई प्राय: अर्थतन्त्रको कच्चा पदार्थको रूपमा हेरिन्छ। खासमा यो मानव चेतनाको भौतिक आधार हो। प्रकृति (उत्पादनका लागि चाहिने) ‘औजारहरूको बाक्सा’ होइन। यो भौतिक र सामाजिक अस्तित्वका लागि चाहिने भौतिक आवश्यकता हो। हामी सोझो तालले औद्योगिक युग अघिको जस्तो प्रकृतिमा फर्किन सक्दैनौँ। तर, हामीले प्रकृतिसँग एकदम सचेत र सुसङ्गत सम्बन्ध कायम गर्ने अर्थतन्त्र निर्माण गर्न सक्छौँ।

पुँजीवादी समाजमा आएर हामीले प्रकृतिसँगको हाम्रो घनिष्टता घटाएका छौँ; प्रकृतिसँगको आदानप्रदानलाई सामान्य जीवन निर्वाहमा सीमित गरेका छौँ। यसले गर्दा प्रकृति एक औजारमा फेरिएको छ; उत्पादनका लागि चाहिने कच्चा पदार्थमा फेरिएको छ। त्यही भएर मार्क्सले अलगाव (alienation) को चर्चा गर्दा त्यसको पर्यावरणीय आयाम पनि सँगै आउँछ। मानिस र प्रकृतिबिच सन्तुलन बिगार्नुको अर्थ मानिसलाई उसको आधारभूत अस्तित्व-चेतबाट अलग्याउनु पनि हो। समाजशास्त्री जोन बेलमी फोस्टरले यो अलग्याइलाई ‘मेटाबोलिक फाटो’ (metabolic rift) भन्नुभयो। समाज र प्रकृति दुवैलाई जोगाइराख्ने विशेष प्राकृतिक चक्रहरू छन्। यी चक्रमा आउने प्रणालीगत फाटो नै ‘मेटाबोलिक फाटो’ हो। यो फाटो पुँजीवादले पैदा गरेको हो। मेटाबोलिज्म (प्रकृति र मानिसको) आवश्यकताअनुरूप चल्नुपर्ने थियो। तर, पुँजीवादले यसलाई नाफाको दास बनायो।

स्पिसिज-बिइङ (प्राचीन समाजको) कुनै नोस्टाल्जिक अवधारणा होइन। यो त भौतिकवादी अवधारणा हो। हामीले प्रकृतिलाई कसरी महत्त्व दिन्छौँ भन्ने प्रश्न गर्दैन यसले। यसले त हामीले प्रकृतिसँगको आफ्नो सम्बन्धलाई कसरी व्यवस्थित

**बाँकी पृष्ठ ७ मा**

# गाजामा भएको इजरायली आक्रमणमा दस जनाको मृत्यु



गाजा सिटी, प्यालेस्टिनी क्षेत्र २ वैशाख (एएफपी)। गाजास्थित प्यालेस्टिनी क्षेत्रको उत्तरी भागमा भएको इजरायली आक्रमणमा एक जना बच्चासहित दश जनाको मृत्यु भएको गाजाको नागरिक सुरक्षा एजेन्सीले बताएको छ।

गाजामा अक्टोबर- १० देखि लागु भएको युद्धविरामको बावजुद हिंसा जारी छ भने इजरायल र हमासले एकअर्कालाई युद्धविराम उल्लङ्घनको आरोप लगाएका छन्।

हमास प्राधिकरणअन्तर्गत उद्धार सेवाको रूपमा सञ्चालित नागरिक सुरक्षा एजेन्सीका प्रवक्ता महमुद बासलले गाजा सहरमा प्रहरीको गाडीलाई लक्षित गरी गरिएको आक्रमणमा उनीहरूको मृत्यु भएको र अन्य धेरै घाइते भएको बताउनुभएको छ।

विज्ञप्तिमा, गाजाको आन्तरिक मन्त्रालयलेसमेत इजरायली लडाकु विमानहरूले सहरको केन्द्रमा प्रहरीको गाडीलाई लक्षित गरी गरेको आक्रमणमा धेरै घाइते भएको बताएको छ।

यसअघि सुरुमा उत्तरी बेतलाहिया क्षेत्रमा इजरायली गोली हानाहानमा अर्का एक जना व्यक्तिको मृत्यु भएको पनि उहाँले बताउनुभएको छ।

सेनाले बुधबार अघिल्लो दिन ट्रकमा हमास आतङ्ककारीहरूलाई प्रहार गरेको बताएको थियो।

एएफपी फुटेजमा प्यालेस्टिनीहरू शवको वरिपरि भेला भएको देखाइएको छ जसलाई स्ट्रेचरमा राखिएको थियो र भग्नावशेषले घेरिएको सडकबाट अन्त्येष्टिको लागि लगिएको थियो।

नागरिक सुरक्षा एजेन्सीले गाजा सहरको अल-सती शरणार्थी शिविरको चौराहानजिकै मङ्गलबार भएको अर्को आक्रमणमा धेरै जनाको मृत्यु भएको जनाएको छ।

अल-शिफा अस्पतालमा अल-शतीमा इजरायली बम विस्फोटबाट पाँच जनाको शव प्राप्त भएको पुष्टि भएको छ।

सेनाले भने पछिल्लो आक्रमणको बारेमा तत्काल प्रतिक्रिया दिएको छैन।

प्यालेस्टिनी हमास आन्दोलनको सन् २०२३ अक्टोबर- ७ मा इजरायलमा सीमापार आक्रमणबाट सुरु भएको दुई वर्षपछि अक्टोबरमा युद्धविराम भएको हो।

युद्धविराम लागु भएदेखि गाजामा कम्तिमा ७५७ जनाको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाइएको छ।

इजरायली सेनाले यसै अवधिमा गाजामा आफ्ना पाँच जना सैनिक मारिएको बताएको छ।

# अन्डमान सागरमा डुङ्गा दुर्घटना, २५० बेपत्ता



ढाका, २ वैशाख (एपी)। असुरक्षित समुद्री यात्राको जोखिम फेरि एकपटक भयावह रूपमा सतहमा आएको छ। मलेसिया पुग्ने प्रयासमा अन्डमान सागर हुँदै यात्रा गरिरहेका रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिक बोकेको एक डुङ्गा डुब्दा कम्तीमा २५० जना बेपत्ता भएको संयुक्त राष्ट्रसङ्घीय निकायहरूले जनाएका छन्।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालय (युएनएचसिआर) र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) ले मङ्गलबार जारी गरेको संयुक्त विज्ञप्तिअनुसार कोक्स बजार जिल्लाको टेकनाफ क्षेत्रबाट रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिक बोकेर मलेसियातर्फ गइरहेको डुङ्गा अन्डमान सागरमा पल्टिएको हो। तर यात्रा क्रममा अन्डमान सागरमा डुङ्गा पल्टिएपछि सबै यात्रु बेपत्ता भएको आशङ्का गरिएको छ।

डुङ्गा कहिले डुबेको हो भन्नेबारे स्पष्ट जानकारी अझै प्राप्त नभएको र बुधबारसम्म खोज तथा उद्धार कार्यको अवस्थाबारे पनि अनिश्चितता रहेको बताइएको छ। एजेन्सीहरूका अनुसार अत्यधिक भीड, तीव्र हावा र उग्र समुद्री अवस्थाका कारण डुङ्गाले सन्तुलन गुमाउँदा दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ।

उक्त घटनाले रोहिङ्ग्या समुदायको दीर्घकालीन विस्थापन र सुरक्षित तथा दिगो समाधानको अभावलाई पुन: उजागर गरेको संयुक्त राष्ट्रसङ्घीय निकायहरूको भनाइ छ। म्यान्माको राखाइन राज्यमा जारी हिंसा र अस्थिरताका कारण उनीहरूको सुरक्षित स्वदेश फर्किने सम्भावना अझै अनिश्चित रहेको छ।

त्यसैगरी, बङ्गलादेशस्थित शरणार्थी शिविरहरूमा सीमित मानवीय सहायता, शिक्षा र रोजगारीमा प्रतिबन्धित पहुँचजस्ता समस्याले रोहिङ्ग्याहरूलाई जोखिमपूर्ण समुद्री यात्रा रोज्न बाध्य बनाइरहेको उल्लेख गरिएको छ। यस्तो अवस्था निरन्तर रहँदा मानव तस्करी र समुद्री दुर्घटनाको खतरा थप बढ्दै गएको बताइएको छ।

हाल बङ्गलादेशले म्यान्माबाट विस्थापित १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थीलाई आश्रय दिँदै आएको छ। युएनएचसिआर र आइओएमले ती शरणार्थीहरूको जीवनरक्षक सहायता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग थप आर्थिक सहयोग र ऐक्यबद्धता सुदृढ गर्न आग्रह गरेका छन्।

अन्डमान सागरको यो दुर्घटनाले केवल एक मानवीय त्रासदी मात्र नभई क्षेत्रीय शरणार्थी सङ्कटको गम्भीरता र अन्तर्राष्ट्रिय उदासीनताको परिणामलाई पनि उजागर गरेको छ।

# मध्यपूर्व द्वन्द्व शान्तितर्फ उन्मुख कूटनीतिक गतिविधि तीव्र

पेरिस, २ वैशाख (एएफपी)। मध्यपूर्वमा जारी युद्धका बिच पछिल्ला दिनहरूमा कूटनीतिक पहलहरू तीव्र बन्दै गएका छन् र प्रमुख पक्षहरूबिच वार्ता तथा संवादका सङ्केत देखिन थालेका छन्। अमेरिकी नेतृत्वले युद्ध अन्त्यतर्फ उन्मुख रहेको दाबी गरिरहेका बेला क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरू सक्रिय रूपमा संलग्न भएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध 'समाप्तिको निकै नजिक' पुगेको बताउनुभएको छ। उहाँका अनुसार अमेरिका-इरानबिचको शान्ति वार्ता यसै साता पुन: सुरु हुन सक्ने सम्भावना रहेको छ। त्यस्तै, इजरायल र लेबनानबिच प्रत्यक्ष संवाद सुरु गर्ने सहमति भएको खबरले पनि क्षेत्रीय तनाव कम गर्ने प्रयासहरूलाई बल दिएको छ।

यसैबिच, पेइचिङमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र रुसका वरिष्ठ कूटनीतिज्ञ सर्गेई लावरोभबिच भेटवार्ता भएको छ। चीन र रुसले मध्यपूर्वमा तनाव न्यूनीकरणका लागि संयुक्त रूपमा पहल गर्ने प्रतिबद्धता यसअघि नै जनाइसकेका छन्। यसले कूटनीतिक सन्तुलनमा नयाँ आयाम थपेको छ।

उता अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानले आणविक हतियार नबनाउने स्पष्ट प्रतिबद्धता जनाएमा मात्र शान्ति सम्भव हुने बताएका छन्। इरानको आणविक कार्यक्रम नै वर्तमान द्वन्द्वको मुख्य विवादको विषय बनेको छ, यद्यपि तेहरानले आणविक बम विकासको आरोप अस्वीकार गर्दै आएको छ। अमेरिकी पक्षले वार्तालाई निरन्तरता दिने सङ्केत दिएको छ।

वासिङ्टनमा भएको छलफलपछि इजरायल र लेबनान प्रत्यक्ष वार्तामा बस्न सहमत भएका छन्। अमेरिकी विदेशमन्त्री मार्को रुबियोको मध्यस्थतामा भएको उक्त वार्तालाई 'फलदायी' भनिएको छ, जसले सीमावर्ती तनाव कम हुने अपेक्षा गरिएको छ।

अमेरिकाले इरानी तेलमाथिको अस्थायी प्रतिबन्ध छुट नवीकरण नगर्ने निर्णय पनि सार्वजनिक गरेको छ। यसले तेहरानमाथि आर्थिक दबाब कायम राख्ने नीति जारी रहने सङ्केत दिएको छ। सोही सन्दर्भमा अमेरिकी नौसेनाले इरानी बन्दरगाहबाट निस्कने केही जहाजहरू रोकेको जनाएको छ, यद्यपि केही जहाजहरू स्ट्रेट अफ होर्मुज हुँदै अघि बढेको तथ्य पनि सार्वजनिक भएको छ।

उता, लेबनानस्थित हिजबुल्लाहले उत्तरी इजरायलका १३ सहरलाई लक्षित गर्दै रकेट आक्रमण गरेको दाबी गरेको छ, जसले युद्धविराम प्रयासहरूबिच पनि तनाव कायम रहेको देखाउँछ।

अर्कोतर्फ, अमेरिका र इरानबिच दोस्रो चरणको वार्ता पाकिस्तानमा हुन सक्ने सङ्केत दिइएको छ। यसका लागि पाकिस्तानले मध्यस्थताको प्रयास गरिरहेको जनाइएको छ। वार्ता सफल बनाउन अस्थायी युद्धविराम अवधि लम्ब्याउने प्रयास भइरहेको स्रोतहरूले बताएका छन्।

मानवीय पक्षमा, अन्तर्राष्ट्रिय रेड क्रस तथा रेड क्रिसेन्टले इरानमा पहिलोपटक राहत सामग्री पुऱ्याएको जनाएको छ, जसले युद्धपीडितहरूलाई केही राहत मिल्ने अपेक्षा गरिएको छ।

युद्धको आर्थिक प्रभाव पनि गहिरिँदै गएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले मध्यपूर्व र उत्तर अफ्रिकाको सन् २०२६ को आर्थिक वृद्धिदर घटाएर १.१ प्रतिशतमा झारेको छ। तेल तथा ग्यास आपूर्ति अवरुद्ध हुँदा इरान, इराक र कतार विशेष रूपमा प्रभावित हुने चेतावनी दिइएको छ। ऊर्जा आपूर्ति सामान्य अवस्थामा फर्किएमा आगामी वर्ष सुधार देखिने अनुमान गरिएको छ।

# बिहारमा नयाँ नेतृत्व मुख्यमन्त्रीमा सम्राट चौधरी

पटना (बिहार), २ वैशाख (एएनआई)। भारतको बिहार राज्यमा राजनीतिक इतिहासमै महत्त्वपूर्ण मोड आएको छ। भारतीय जनता पार्टी (भाजपा) का नेता सम्राट चौधरीले बुधबार बिहारको मुख्यमन्त्रीका रूपमा शपथ लिनुभएको छ। यससँगै लामो समयदेखि राज्य राजनीतिमा प्रभाव जमाउँदै आउनुभएका नितिश कुमारको युग समाप्त भएको सङ्केत गरिएको छ।

राज्यसभामा जाने निर्णय गर्नुअघि एक दशकभन्दा बढी समय बिहारको नेतृत्व सम्हाल्नुभएका नितिश कुमारको उत्तराधिकारीका रूपमा सम्राट चौधरी बिहान राज्यपालको निवास बिहार लोक भवनमा पुग्नुभएको थियो। त्यहीँ बिहारका राज्यपाल सैयद अता हसनैनले उहाँलाई मुख्यमन्त्री पदको शपथ दिलाउनुभएको हो।

नितिश कुमारको राजीनामापछि चौधरी बिहारका पहिलो भाजपा मुख्यमन्त्री बन्नुभएको छ। सन् २०२५ को विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले ऐतिहासिक जीत दर्ता गरेपछि उहाँले रेकर्ड १० औं पटक मुख्यमन्त्रीको रूपमा शपथ लिनुभएको थियो। यसले राज्य राजनीतिमा लामो समयसम्म उहाँको प्रभाव देखाएको थियो।

तर अब ५७ वर्षीय सम्राट चौधरीले उहाँको स्थान लिँदै बिहारको नेतृत्व सम्हाल्नुभएको छ। उहाँको उदयलाई केवल सत्ता परिवर्तनका रूपमा मात्र नभई बिहारको राजनीतिक युग परिवर्तनका रूपमा पनि हेरिएको छ, जहाँ नितिश कुमारको 'सुशासन' केन्द्रित शासन शैलीले लामो समय प्रभाव जमाएको थियो।

सम्राट चौधरीको राजनीतिक यात्रा रोचक मानिन्छ। राजनीतिमा प्रारम्भिक प्रवेश उहाँले १९९० को दशकमा राष्ट्रिय जनता दल (आरजेडी) बाट गर्नुभएको थियो भने पछि सन् २०१८ मा उहाँ भाजपा प्रवेश गर्नुभएको हो। सन् २०२३ मा उहाँलाई भाजपा प्रदेश अध्यक्ष बनाइएको थियो र सन् २०२४ मा उहाँले बिहारको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो।

सन् १९६८ मा जन्मनुभएका चौधरी राजनीतिक रूपमा प्रभावशाली परिवारबाट आउनुभएको हो। उहाँका पिता शकुनी चौधरी तारापुर निर्वाचन क्षेत्रबाट छ पटक विधायक निर्वाचित हुनुभएको थियो भने आमा पार्वती देवीले सन् १९९८ मा तत्कालीन समता पार्टीबाट सोही क्षेत्र जित्नुभएको थियो।

पहिले नितिश कुमारका कट्टर आलोचक रहनुभएका चौधरी सन् २०२४ मा भाजपा-जेडीयु गठबन्धन पुन: बनेपछि राजनीतिक रूपमा नयाँ भूमिकामा देखिनुभएको थियो। सन् २०२२ मा उहाँले सार्वजनिक रूपमा नितिश कुमारलाई सत्ताबाट हटाएपछि मात्र आफ्नो प्रतीकात्मक 'मुरेथा' (पगडी) उतार्ने बताउनुभएको थियो, जसले उहाँको आक्रामक राजनीतिक शैली झल्काउँथ्यो।

आजको शपथ ग्रहणअघि केन्द्रीय मन्त्री चिराग पासवानले चौधरीलाई भेटेर शुभकामना व्यक्त गर्नुभएको थियो। उहाँले सामाजिक सञ्जाल एक्समा लेख्दै चौधरीको नेतृत्वमा बिहार विकास, सुशासन र समृद्धिको नयाँ चरणमा प्रवेश गर्ने विश्वास व्यक्त गर्नुभएको थियो।

सम्राट चौधरीको नेतृत्वलाई ओबीसी समुदाय, विशेषगरी कोइरी/कुशवाहा समूहबिच पार्टीको समर्थन विस्तार गर्ने रणनीतिक कदमका रूपमा पनि विश्लेषण गरिएको छ।

# प्रशस्त प्रोटिन पाइने १० शाकाहारी खानेकुरा

मोदनाथ पौडेल (पोषणविद्), अनलाइन खबर

स्वस्थ जीवनशैलीका लागि प्रोटिन अनिवार्य पोषक तत्त्व हो, तर धेरैले अझै प्रोटिनको स्रोत भनेपछि मासु वा अण्डामात्र सम्झिन्छन्। तर, शाकाहारी खानाबाट पनि पर्याप्त र गुणस्तरीय प्रोटिन पाउन सकिन्छ। यसले पनि शरीरको विकासदेखि रोग प्रतिरोधात्मक क्षमता बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ। वनस्पतिमा आधारित प्रोटिनले हृदय रोग, क्यान्सर र उच्च रक्तचापजस्ता दीर्घरोगको जोखिमसमेत कम गर्न सहयोग पुऱ्याउँछ।

हाम्रो शरीरको हरेक कोशिकामा प्रोटिन हुन्छ। यसको मतलब कोशिकाहरूको मर्मत र नयाँ कोशिकाहरू निर्माण गर्न प्रोटिनको जरूरत पर्छ। त्यसैले पर्याप्त प्रोटिनको सेवन निकै महत्त्वपूर्ण छ।

**१. दाल र गेडागुडीहरू**

दाल र गेडागुडीहरू प्रोटिनका ठूलो स्रोत हुन्। मुंग, मास, चना दाल र राजमालाई दैनिक सेवन गरेर राम्रो मात्रामा प्रोटिन पाउन सकिन्छ। एक कप राजमामा १५ ग्राम प्रोटिन हुन्छ। पोटासियम, जटिल कार्बोहाइड्रेट र दैनिक फाइबरको २५ प्रतिशत पनि पाइन्छ। प्रोटिनका लागि दाल र गेडागुडी राम्रो, सस्तो र सजिलै उपलब्ध हुने विकल्प हो।

**२. सिटन**

सिटन शाकाहारीहरूमाझ निकै लोकप्रिय छ। यो ग्लुटेनबाट बन्छ। १०० ग्राम सिटनमा २५ ग्राम प्रोटिन हुन्छ, जसले यसलाई प्रोटिनको राम्रो स्रोत बनाउँछ। तोफूको तुलनामा यसमा चिल्लो कम हुन्छ। यसलाई विभिन्न परिकारमा प्रयोग गर्न सकिन्छ। तर, खरिद गर्दा मिसावटबाट सावधान रहनुपर्छ।

**३. हरियो केराउ**

दैनिक हरियो सागसब्जी खानु स्वास्थ्यका लागि राम्रो हो। प्रोटिनको कुरा गर्दा हरियो केराउमा प्रशस्त मात्रामा पाइन्छ। एउटा कप पकाएको हरियो केराउमा ८-९ ग्राम प्रोटिन हुन्छ। यसले भिटामिन ए, सी, के र दैनिक फाइबरको ३० प्रतिशत कभर गर्छ। त्यसैले हरियो केराउलाई दैनिक खानामा समावेस गर्न सकिन्छ।

**४. टुसा उम्रिएको गेडागुडी**

अङ्कुरित गेडागुडी पोषणको भण्डार नै हो। यसका पोषण गुणहरू उत्कृष्ट मात्रामा हुन्छन्। यो प्रोटिनले भरिपूर्ण र पचाउन सजिलो हुन्छ। तौल घटाउन डाइट गरिरहेको व्यक्तिले दैनिक अङ्कुरित गेडागुडी खानु राम्रो हुन्छ। यसको प्रचुरताले नै यसलाई उत्कृष्ट शाकाहारी प्रोटिन स्रोत बनाउँछ।

**५. सोया दूध**

दूध प्रोटिनको उत्कृष्ट स्रोत हो। तर, सोया दूधजस्ता विकल्पहरूले पनि उत्तिकै फाइदा दिन्छन्। यो सोयाबिन र छानेर पानीबाट बनाइन्छ। बिनाचिनी सोया दूधको एक कपमा ७-८ ग्राम प्रोटिन हुन्छ। गाईको दूधको तुलनामा यसमा कार्बोहाइड्रेट र फ्याट कम हुन्छ। ल्याक्टोज इन्टोलरेन्स भएकाहरूका लागि यो उत्तम विकल्प हो।

**६. नट्स र नट बटर**

नट्सलाई सुपरफुड पनि भनिन्छ। बदाम, ओखर, काजु आदि नट्समा उच्च प्रोटिन हुन्छ। यिनमा आइरन, क्यालिसयम, भिटामिन ए र बी पनि प्रशस्त हुन्छन्। खाली पेटमा मुठीभर मिश्रित नट्स खाँदा दिनको राम्रो सुरूवात हुन्छ। प्राकृतिक पिनट बटर पनि प्रोटिनको राम्रो स्रोत हो।

**७. ओट्स**

ओट्स प्रोटिन मात्र होइन, घुलनशील फाइबरको पनि पावरहाउस हो र पचाउन सजिलो हुन्छ। एउटा सानो कप ओट्सले ५-६ ग्राम प्रोटिन दिन्छ र हृदय रोग तथा कोलेस्टेरोलको जोखिम कम गर्छ। बिहान एक कप ओट्सले दिनको उत्कृष्ट सुरूवात दिन्छ।

**८. चिया सिड्स**

हाल चिया सीड्स सुपरफुडको रूपमा बढी प्रयोग हुन्छ। २८ ग्राम चिया सीड्समा ५ ग्राम प्रोटिन र १० ग्राम फाइबर हुन्छ। यसमा राम्रो अमिनो एसिड हुन्छन्, जसले गर्दा शरीरले प्रोटिन राम्रोसँग अवशोषण गर्न सक्छ। जैविक चिया सिड्स प्रयोग गर्नु राम्रो हुन्छ।

**९. फलफूलहरू**

प्रोटिनयुक्त खानेकुरा सोच्दा फलफूल कमै दिमागमा आउँछन्। तर एवोकाडो, कटहर र अम्बामा क्रमश: २ ग्राम, ३ ग्राम र २.५ ग्राम प्रोटिन हुन्छ। यो अन्य प्रोटिनयुक्त खानेकुरासँग मिलाएर खाँदा पर्याप्त हुन्छ। यसले एन्टिअक्सिडेन्ट, फाइबर र हाइड्रेसन पनि दिन्छ।

१०. दुग्ध उत्पादनहरू

पनिर, दही र चीजजस्ता डेरी उत्पादनमा राम्रो प्रोटिन हुन्छ। सबैभन्दा उत्कृष्ट ग्रीक योगर्ट हो, जसमा ६ औंसमा १५-१८ ग्राम प्रोटिन हुन्छ। यो सामान्य दहीको तीन गुणा हो। यसमा फ्याट कम र प्रोबायोटिक्स प्रशस्त हुन्छन्, जसले पेटको स्वास्थ्यका लागि राम्रो हुन्छ।

यदि धेरै प्रोटिन खायौं भने के हुन्छ ?

प्रोटिनको हिस्सा बढी हुनुपर्छ तर अत्यधिक नहोस् भन्ने कुरामा पनि ध्यान दिनुपर्छ। कुनै पनि पोषक तत्त्वको बढी सेवनले स्वास्थ्य जोखिम निम्त्याउँछ। आवश्यकताभन्दा बढी मात्रामा प्रोटिनको सेवन गर्नु हुँदैन। प्रोटिन धेरै भएमा कब्जियत र मिर्गौलाको जस्तो समस्या हुन्छ।

**के तौल घटाउन उच्च प्रोटिन राम्रो हुन्छ ?**

'हाई प्रोटिन डाइट' तौल घटाउनका लागि राम्रो हुन सक्छ किनकि यसले धेरै तरिकाबाट शरीरलाई फाइदा पुऱ्याउँछ। प्रोटिनले खाना खाएपछि लामो समयसम्म पेट भरिएको महसुस गराउँछ, जसले दिनभरि कम खाने बनाउँछ र अनावश्यक स्न्याक्स खाने बानी घटाउँछ।

प्रोटिन पचाउन शरीरले बढी ऊर्जा खर्च गर्छ अर्थात् प्रोटिन खाँदा थोरै बढी क्यालोरी जल्छ। चिया सिड्स र ग्रीक योगर्टजस्ता खानेकुराले सही मात्रामा प्रोटिन दिएर तौल घटाउन मद्दत गर्छन्।

# नि:शुल्क स्वास्थ्य सेवाको विकल्प स्वास्थ्य बीमा सेवामा आर्थिक मापदण्ड

✍ सत्यराम कासिछ्वा

स्वस्थ नागरिक देश विकास र समृद्धिको आधार हो। यही कुरालाई आत्मसात गरेर सरकारले आफ्ना नागरिक तथा जनताको स्वास्थ्य उपचारको लागि अस्पताल, जनस्वास्थ्यलगायत स्वास्थ्यचौकीहरू स्थापना गरेको हुन्छ। भर्खरै सम्पन्न संसदीय निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुईतिहाइ बहुमतको सरकारको नेतृत्व गरिरहेको छ। उसले आफ्नो निर्वाचन घोषणापत्र वा वाचापत्रमा स्वास्थ्य सेवालाई नि:शुल्क बनाउने भनेर जनताको मत लिएको थियो। सरकारले स्वास्थ्य सेवालाई नि:शुल्क गर्दा अस्पताल तथा स्वास्थ्यचौकीमा बिरामीले पाएको सेवाको आर्थिक भुक्तानी सम्बन्धित निकायले समयमै उपलब्ध नगराउँदा अस्पताल तथा स्वास्थ्यचौकी सञ्चालनमा समस्या हुन्छ र हुँदै आएको पनि छ।

पूर्वतयारीबिना नि:शुल्क स्वास्थ्य सेवाको घोषणा गरेमा अस्पताल तथा स्वास्थ्यचौकीमा कार्यरत विभिन्न प्रकारका कर्मचारी तथा चिकित्सकजस्ता जनशक्तिलाई तलबसँगै सञ्चयकोष, नागरिक लगानी कोष, अस्पताल तथा स्वास्थ्यचौकीका मेसिनरी सामानको नियमित मर्मतसम्भार खर्च, अत्यावश्यक औषधि खरिदजस्ता कामलाई निरन्तरता दिन सकिँदैन। यसले स्वास्थ्य सेवा सुधार हुनुको साटो समग्र स्वास्थ्य सेवा क्षेत्र नै धरापमा परी सामाजिक र मानवीय व्यवहारमा असहज परिस्थिति सिर्जना हुन सक्छ।

स्वास्थ्य उपचार सेवाको क्षेत्रमा सर्वसाधारण जनताले सहजरूपमा सामाजिक सुरक्षासहित सेवा पाउनको लागि स्वास्थ्य बीमा गरेका हुन्छन्। जनताले आफ्नो आम्दानीको केही भाग स्वास्थ्य उपचार सहजै पाउन स्वास्थ बीमा गरेका छन्। सर्वसाधारण जनताले भविष्यमा हुने स्वास्थ्य उपचार सेवाको लागि एकातिर स्वास्थ्य बीमा गरेका हुन्छन् भने अर्कोतिर स्वास्थ्य बीमामा महँगो औषधि नपर्दा आर्थिक भार बेहोर्नुपरेको अवस्था छ। यसलाई कार्ययोजनासहित सुधार गर्नुपर्दछ। स्वास्थ्य बीमा सेवा समस्त नेपाली नागरिकलाई सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनको लागि सामाजिक स्वास्थ्य बीमा सेवा एक महत्त्वपूर्ण कार्यक्रम हो। यसको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका साथ वि.सं.२०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षाको रूपमा नेपाल सरकारले सुरु गरेको हो। यो कार्यक्रम हाल स्वास्थ्य बीमा बोर्डले सञ्चालन गर्दै आएको छ। नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकमा राखी नि:शुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ। वर्तमान संविधानको धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ। सरकारले २०७२ चैत २५ गते सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले कैलाली, इलाम र बागलुङसहित तीन जिल्लाबाट सो कार्यक्रम सुरू गरेको हो। गुणस्तरीय नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न जारी भएको स्वास्थ्य बीमा ऐन २०७४ लाई थप व्यवस्थित गर्न २०७५ मा पारित स्वास्थ्य बीमा नियमावलीले हालको स्वास्थ्य सुविधाको थैलीलाई दुई गुणा वृद्धिसहित ज्येष्ठ नागरिकको लागि सरकारले नै बीमा प्रिमियम तिरिदिने गरी छुट्टै एकाइको रूपमा वार्षिक रु. एक लाख बराबरको स्वास्थ बीमाको व्यवस्था गरिएको छ। सम्पूर्ण सङ्गठित क्षेत्रलाई आम्दानीको एक प्रतिशत योगदान गर्ने गरी बीमामा आवद्ध हुने अनिवार्य व्यवस्था गरिएको छ। जसको कार्यविधि तथा योजना नहुँदा कार्यान्वयन हुन सकेको छैन।

नेपालको संविधानमा आधारभूत स्वास्थ्य सेवा नि:शुल्क हुने व्यवस्था छ। संवैधानिक व्यवस्थाअनुसार देशभर नै आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनुपर्ने र नि:शुल्क औषधिको व्यवस्था गर्नुपर्ने हो। विपन्नवर्गको निम्ति स्वास्थ्य सेवालाई राहत पुऱ्याउन सरकारले स्वास्थ्य सेवा बीमा सुरु गरेको हो। स्वास्थ्य बीमामा को-पेमेन्ट २०८० माघ १ गतेदेखि बीमाबाट उपचार गरिरहेका बिरामीले १० प्रतिशत थप उपचार खर्च लागत साझेदारी (को-पेमेन्ट) को रकम तिरिरहेको छ। सोही साझेदारीमा सरकारी, सामुदायिक र निजी सबैखाले अस्पतालहरू पर्ने र उच्च रक्तचाप, मधुमेह, कोलस्ट्रोल, दमजस्ता नियमित औषधि सेवन गर्ने बिरामीले एक महिनाको सट्टा तीन महिनाको लागि एकैपटक पाएको थियो। हाल १ करोडभन्दा बढी जनसङ्ख्याको लागि स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिरहेको छ। बिरामीहरूले १० प्रतिशत थप उपचार खर्च लागत साझेदारी (को-पेमेन्ट) को नाउँमा अतिरिक्त रकम सर्वसाधारणले तिरिरहँदा पनि बीमाको सेवा दिएका अस्पताललाई वर्षौं दिनसम्म त्यसको भुक्तानी नदिँदा विभिन्न अस्पताल तथा स्वास्थ्यचौकीको निरन्तर सेवामा समस्या आएको हो।




स्वास्थ्य बीमा कार्यक्रममा प्रिमियम कोषको ठूलो दुरूपयोग भएको छ। यसलाई रोक्न तत्काल कडा उपाय अपनाएर देशका नागरिकलाई जिम्मेवार बनाउनुपर्छ। एक लाख पैसा नसकिउन्जेल इनभेस्टिगेसन मागेर रकम पत्ता लगाएर अनावश्यक रूपमा उपचार गर्ने प्रवृत्ति पनि बढ्दो छ। स्वास्थ्य सेवा सहजरूपमा पाउन बिरामीले प्रिमियमबाट एक लाख रूपैयाँको सीमित रकम जथाभावी रूपमा सक्ने नियतले अनावश्यक स्वास्थ्य जाँच तथा उपचार गराइरहेको पाइन्छ। कति स्वास्थ्य चौकी र अस्पतालजस्ता सेवा प्रदायक संस्थाहरूले गलत नियतले पैसा असुल्ने गरेको पाइन्छ। जसबाट प्रिमियम सङ्कलनभन्दा दाबी बढी हुने, समयमै भुक्तानी नहुने, अनावश्यक सेवा उपभोग (मोरल हेजर्ड), उच्च जोखिम भएकाको बढी सहभागिता (एडभर्स सेलेक्सन), कमजोर दाबी व्यवस्थापन, सङ्गठित क्षेत्रको न्यून सहभागिता तथा बोर्डको आन्तरिक क्षमता अभावजस्ता चुनौती रहेको छ। कतिपय अवस्थामा सेवाग्राहीहरूलाई मेरो प्रिमियमबाट कति पैसा खर्च भयो, सायद मेरो नाममा अरूले पो सेवा लिइरहेका छन् कि ? कसैलाई दोहोरो तेहोरो परिराखेका छन् कि भन्ने थाहा नभएको अवस्था पनि छ। त्यसलाई सुधार गरेर बीमामार्फत सेवाग्राहीले सेवा लिनसाथ तपाईंको यति पैसा खर्च भयो, यति पैसा बाँकी छ भनेर एसएमएस नोटिफिकेसन पठाउने व्यवस्था गर्न सकिन्छ। यसबाट अनधिकृत व्यक्तिहरूले सेवा लिने काम बन्द हुन्छ।

बीमाको भुक्तानी सङ्घ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी भए तापनि सङ्घ सरकारले एकोहोरो बोझ उठाइरहेको छ। झन्डै दुईतिहाइको बहुमत प्राप्त सरकारले बहुसङ्ख्यक जनताको जनजीवनलाई सहजीकरण गर्न नयाँ स्वास्थ्य बीमा सेवा लागु गर्नुपर्दछ। यसको लागि सरकारी तथा गैरसरकारी विभिन्न संस्थामा रोजगारी गरेका कर्मचारी तथा कामदारहरूको तलब एवं ज्यालासहितको आर्थिक गणनाबाट तथ्याङ्क सङ्कलन गरी तिनीहरूले पाउने ज्याला र तलबको आधारमा स्वास्थ्य बीमाको उपचार खर्च लागत साझेदारी (को-पेमेन्ट) शुल्कको दर फरकफरक हुनुपर्छ। हाल कार्यान्वयनमा रहेको स्वास्थ्य बीमाको थप उपचार खर्च लागत साझेदारी (को-पेमेन्ट) व्यवस्थाले सरकारले तोकेको न्यूनतम ज्याला तथा तलबभन्दा कममा काम गर्ने कर्मचारी तथा कामदारलाई बीमाबाट स्वास्थ्य उपचार गरेमा उपचारको १० प्रतिशतको पेमेन्ट खर्च बेहोर्दा झनै आर्थिक बोझ हुने गर्दछ। न्यूनतम ज्यालादारीमा काम गर्ने कामदार र कर्मचारीले स्वास्थ्य बीमाबाट उपचार गर्दा १० प्रतिशत र सोभन्दा माथि उपचार खर्च लागत साझेदारी (को-पेमेन्ट) गर्नुपर्ने व्यवस्था आवश्यक छ।

सम्पूर्ण नेपाली नागरिकलाई सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा दिई स्वास्थ्य सेवा उपयोगमा सुधारसहित स्वास्थ्य बीमाको माध्यमबाट सबै नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्नु स्वास्थ्य बीमाको उद्देश्य हो। यसलाई सरकारले दीगो विकासको लक्ष्य प्राप्तिको लागि स्वास्थ्य बीमा सेवा सर्वव्यापी पहुँचमा पुऱ्याउनुपर्छ।

सर्वसाधारण तथा निमुखा जनताको अस्पताल तथा स्वास्थ्यचौकीमा उपचारको क्रममा हुने आर्थिक क्षतिलाई कम गर्न वि.सं. २०७२ मा सुरु गरेको स्वास्थ्य बीमा सेवा कार्यक्रमलाई बीमाबाट स्वास्थ्य उपचार गरेमा उपचारको १० प्रतिशत उपचार खर्च लागत साझेदारी (को-पेमेन्ट) खर्चको लागि आर्थिक हैसियतको मापदण्डअनुरूप परिमार्जनसहित प्रभावकारी बनाउन आवश्यक छ।

**मार्क्सको....**

गर्छौं भन्ने प्रश्न गर्छ। पुँजीवादी समाजमा यो व्यवस्थापन नाफाको वरिपरि घुम्छ। नाफाको यो खेलले 'मेटाबोलिक फाटो' ल्याउँछ। यसको विकल्प एक सचेत र सुसङ्गत 'मेटाबोलिज्म' हो। यसको लागि हामीले एउटा सत्यलाई स्वीकार्नै पर्छ - हामी प्राकृतिक जगतभन्दा माथि छैनौं बरु भौतिक रूपमा हामी प्रकृतिका अंश हौं।

**टिपोट :**

१. स्पिसिज बिइङलाई 'परमार्थ' को रूपमा बुझ्नुहुँदैन। पुँजीवादले 'मानव मूल-सत्यको अटल आदर्श' लाई उल्लङ्घन गर्छ, त्यसैले यो गलत छ भन्ने निष्कर्षमा पुग्नुहुँदैन। 'जर्मन विचारधारा' नामक कृति लेखेपछि मार्क्सले विशुद्ध दार्शनिक लेखनीबाट आफूलाई टाढै राख्नुभयो। तर, भौतिकवादी सुझबुझ उहाँका पछिका रचनामा पनि कायम रह्यो। त्यो भौतिकवादी सुझबुझ भन्छ - मानव जातिलाई तिनका आवश्यकता र प्रकृतिसँगको तिनको मेटाबोलिक सम्बन्धले परिभाषित गर्छ। स्पिसिज-बिइङलाई दार्शनिक आदर्शका रूपमा हेर्ने होइन। बरु, यसलाई मेटाबोलिक सम्बन्धका आधारमा भौतिकवादी दृष्टिले हेर्नुपर्छ। त्यसरी हेर्दा मार्क्सले जसरी पुँजीवादको गहिरो आलोचना गर्नुभयो, त्यो पूर्णत: तर्कसङ्गत देखिन्छ। यसको अर्थ - पुँजीवाद आदर्शको बाटोमा नहिँडेको हुनाले 'मेटाबोलिक फाटो' आउने होइन। बरु, पुँजीवादले आफ्नो अस्तित्वका प्राकृतिक आधारहरूलाई भौतिक रूपमै बिथोल्ने हुनाले 'मेटाबोलिक फाटो' आउँछ। (अर्को शब्दमा भन्नुपर्दा 'यो पुँजीवादको चाहनाको कुरा होइन, बरु पुँजीवादले अर्को चाहना राख्नै सक्दैन'।)

२. यो पूर्णत: सत्य होइन भन्ने आजभोलि प्रमाणित भएको छ।

# सहिद राजकुमार स्मृति पुस्तकालयमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम

भक्तपुर, २ वैशाख । सहिद राजकुमार स्मृति पुस्तकालय ब्यासीले नयाँ वर्ष २०८३ तथा बिस्का जात्राको सुअवसरमा बुधबार शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरियो ।

उक्त कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सामाजिक सङ्घ संस्थाहरूले जनताको उज्यालो र उत्साह दिने खालका कार्यहरू गर्न सके समुदायका मानिसहरूबिच आत्मीयता बढ्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले समाजमा विचारको मन्थन गरी सही र गलतको छिनोफानो गर्ने खालका कार्यक्रमहरू विद्यार्थी र युवाहरूमाझ आवश्यक भएको उल्लेख गर्दै वर्तमान सरकारले ल्याएको शनिबार र आइतबारको दुईदिने बिदा तथा वैशाख २१ गतेदेखि मात्र विद्यालय शिक्षामा पठनपाठन सुरु हुने निर्णय शैक्षिक क्षेत्र अस्तव्यस्त बनाउने र कक्षा ५ सम्म परीक्षा लिन नहुनेजस्ता कुरा नेपालको लागि अशोभनीय भएको विचार व्यक्त गर्नुभयो ।

ऋणमा डुबेको नेपालमा फेरि ऋण लिएर देशलाई कहाँ पुऱ्याउन खोजेको हो भन्दै उहाँले एसईईको परीक्षाफल छिट्टै गर्ने नाउँमा नकारात्मक असर पर्नेतर्फ विचार गर्नुपर्छ भन्नुभयो ।

बाल बच्चाहरूलाई सामाजिक क्रियाकलाप र सभ्यतामा जीउने वातावरणका लागि सरकारले बन्दोबस्त गर्ने खालका शिक्षा नीति ल्याउन जरुरी भएको उल्लेख गर्दै उहाँले साम्राज्यवादी अमेरिकाको चीनविरुद्ध लड्ने युथ काउन्सिल, एमसीसी, एसपीपी र नेपालको युरेनियम खानी कब्जा गर्ने जाल बुनिरहेकोतर्फ हाम्रो ध्यान जानुपर्छ भन्नुभयो ।

८० लाख अमेरिकी जनताले अमेरिकी साम्राज्यवादको विरोध गरिरहेका कारण अमेरिकी सरकार छिट्टै परास्त हुने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

पुस्तकालयका अध्यक्ष एवम् कार्यक्रमका सभापति कृष्णप्रसाद सुवालले जीवन एउटा सुन्दर यात्रा हो तर गन्तव्य होइन यसको लागि जीवनका विभिन्न क्षणहरूलाई सुन्दर तरिकाले जीउने प्रयास गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

विद्यार्थी श्रद्धा कोजूले विद्यार्थी जीवनमा राजनीति ज्ञानको आवश्यकता र नवज्वाला लासिवाले युवाहरूमा देखिएका समस्या र चुनौतीका बारेमा बताउनुभयो । कार्यक्रममा युजिना सुवाल तथा नेहा भटुले कार्यक्रमको औचित्यताबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा कविता वाचन तथा विषयगत प्रस्तुति गरेका विद्यार्थीहरूलाई अतिथि गोसाईले मायाको चिनो वितरण गर्नुभएको थियो ।

# प्रजग कोरियाको आणविक क्षमता तीव्र वृद्धि : आईएईए

सियोल, १५ अप्रिल (एएफपी) । अन्तर्राष्ट्रिय आणविक निगरानी निकायका प्रमुखले प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको आणविक हतियार उत्पादन क्षमतामा 'धेरै गम्भीर वृद्धि' भइरहेको चेतावनी दिएका छन् । पछिल्ला निरीक्षण र मूल्याङ्कनले देशको संवर्धन तथा पुनःप्रशोधन गतिविधि तीव्र रूपमा बढिरहेको देखाएको हो ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफाएल ग्रोसीले बुधबार सियोलमा पत्रकार सम्मेलन गर्दै प्रजग कोरियाले आणविक हतियार विकासतर्फका प्रमुख संरचनाहरू सक्रिय रूपमा विस्तार गरिरहेको बताउनुभयो । उहाँका अनुसार यो परिवर्तनले देशको रणनीतिक क्षमता उल्लेखनीय रूपमा बढिरहेको सङ्केत गर्छ ।

दक्षिण कोरियाको गुप्तचर निकायका अनुसार कूटनीतिक रूपमा अलग रहेको प्रजग कोरियाले युरेनियम संवर्धनका लागि धेरै सुविधाहरू सञ्चालन गरिरहेको अनुमान गरिएको छ, जुन आणविक हतियार निर्माणको अत्यन्त महत्त्वपूर्ण चरण हो । तीमध्ये योङब्योन परमाणुस्थल पनि समावेश छ, जसलाई प्योङयाङले अघिल्ला वार्तापछि निष्क्रिय बनाएको दाबी गरेको थियो तर सन् २०२१ मा पुनः सक्रिय गरिएको बताइन्छ ।

ग्रोसीका अनुसार आईएईएले आफ्नो आवधिक मूल्याङ्कनका क्रममा योङब्योन रिएक्टरको सञ्चालनमा तीव्र वृद्धि भएको पुष्टि गरेको छ । साथै, पुनःप्रशोधन एकाइ र हल्का पानी रिएक्टरमा पनि गतिविधि बढेको देखिएको छ भने अन्य सम्बन्धित संरचनाहरूसमेत सक्रिय अवस्थामा रहेको पाइएको छ ।


## राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौँ !

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

- आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।

सत्य-तथ्य विवरण दिऔँ, राष्ट्र निर्माणमा योगदान गरौँ।

नेपाल सरकार
विज्ञापन बोर्ड




चीनको राजधानी पेइचिङस्थित ग्रेट हल अफ पिपुल्सको प्राङ्गणमा चीनको राजकीय भ्रमणमा आउनुभएका जनगणतन्त्र भियतनामका राष्ट्रपति एवं भियतनाम कम्युनिस्ट पार्टीका महासचिव तो लामलाई भव्य स्वागत गर्दै चिनियाँ राष्ट्रपति सी चिनफिङ र चिनियाँ बालस्वयम्सेवकहरू अप्रिल १५, २०२६ का दिन ।

*तस्बिर : सिन्ह्वा/लि सियाङ*

***के...***

आयोगले समिति गठन गरेको थियो । स्रोतका अनुसार जनआस्थाले चैत ११ गते बुधबार बिहानै सार्वजनिक गरेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमा जस्तो एकपक्षीय रूपमा नामै किटेर फौजदारी कसुरमा मुद्दा चलाउन भने सिफारिस गरिएको छैन ।"

सो समाचारमा उल्लेख छ - "मानव अधिकार उल्लङ्घनका घटनालाई केन्द्रमा राखेर तयार पारिएको १० हजार पेजको प्रतिवेदनमा ६३ ओटा सिफारिस छन् । प्रतिवेदनमा भदौ २३ का लागि तत्कालीन राष्ट्रिय सुरक्षा परिषद्का सदस्यलाई मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा दोषी ठहर गरिएको छ । प्रधानमन्त्रीको नेतृत्वमा रहने परिषद्मा गृहमन्त्री, अर्थमन्त्री, रक्षामन्त्री, परराष्ट्रमन्त्री, प्रधानसेनापति र मुख्य सचिव सदस्य रहन्छन् ।"

सो समाचारमा उल्लेख छ– "भदौ २४ गतेको विध्वंशका लागि जिम्मेवार ठानिएको बालेन्द्र, रवि र सुधनले आन्दोलनलाई हिंसात्मक बनाउन भूमिका खेलेको आयोगको ठहर छ । काठमाडौँ महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्रले प्रदर्शनकारीलाई सम्बोधन गर्दै नेपाली सेनासित वार्ता गर्न र संसद् विघटनलाई सहमतिको सर्त बनाउन निर्देशन दिएर आन्दोलनको स्वामित्व ग्रहण गरेका थिए । रवि भदौ २४ गते राज्यविहीनताको मौका छोपेर प्रधानमन्त्री बन्न भन्दै जेल तोडेर भागेका थिए भने हामी नेपाल एनजीओका अध्यक्ष तथा गृहमन्त्री सुधन दुवै दिन प्रदर्शनमा प्रत्यक्ष सहभागी थिए । त्यसकारण, प्रतिवेदन लुकाइएमा वा हेरफेर गरिए पनि अन्तर्राष्ट्रियरूपमा भने उम्कन सहज हुने छैन । शान्ति मिसनमा दक्षिण सुडानमा खटिएको बेला बिदा मनाउन बेलायत गएका कर्णेलकुमार लामा माओवादी द्वन्द्वकालमा थुनुवालाई चरम यातना दिएको अभियोगमा उतै तीन वर्षसम्म स्थान हदको शिकार भएका थिए ।"

सो पत्रिकाको २०८२ चैत २९ गतेको अन्तर्वार्तामा रास्वपाका केन्द्रीय सदस्य समीक्षा बास्कोटाले भने– "भदौ २३ र २४ गतेको घटनामा जो जो कारबाहीको दायरामा आउँछन् उनीहरूलाई दण्डित गर्नुपर्दछ भन्ने नै हो । आशा गरौँ, भदौ २४ गतेको दोषीले पनि उन्मुक्ति पाउने छैन ।"

सो पत्रिकाको चैत ३० गतेको समाचारमा उल्लेख छ– "राष्ट्रिय जेनजी नागरिक अभियानका युवाहरूले आयोगका अध्यक्ष तपबहादुर मगरसमक्ष प्रतिवेदन सार्वजनिक गर्न माग गरे ।"

सो पत्रिकाको २०८२ चैत २५ गतेको समाचारमा "राष्ट्रिय सुरक्षाको महत्त्वपूर्ण जिम्मेवारी बोकेको नेपाली सेना चौतर्फी २०८३ वैशाख १ गते दोहोऱ्याएर छापियो राष्ट्रिय सुरक्षाको महत्त्वपूर्ण जिम्मेवारी बोकेको नेपाली सेना चौतर्फी प्रश्नको घेरामा छ । एमालेका सांसद रामबहादुर थापा (पूर्वमाओवादी) ले प्रतिनिधिसभाको पहिलो बैठकमा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई जिताउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिसँगै सेनासहितले निर्णायक भूमिका खेलेको दाबी गरे ।

समाचार लेख्छ, जङ्गी अड्डा स्रोतका अनुसार सिंहदरबारको फौज नारायणहिटी लगेर राखिएको थियो, के त्यहाँ आक्रमण भयो ? यति हुँदाहुँदै पनि भदौ २४ गतेको विध्वंश रोक्न सेनाको तर्फबाट आवश्यक पहल नभएको भने सत्य हो । प्रश्न उठ्छ– मानौँ कसैले ब्यारेक हान्न गएको भए सेना सिडिओको आदेश कुरेर बस्थ्यो होला ? संखुवासभाको एक बयारेकमा राति अबेर फर्किएका क्याप्टेनलाई पास खोइ भन्न नसक्दा सेन्ट्रीले गोली हानेर मारेको उदाहरण नै छ ।"

'जनआस्था' साप्ताहिकको समाचारलाई नेपाली जनताले गम्भीर रूपमा अध्ययन गर्नु जरुरी छ । रास्वपाले जतिसुकै मत ल्याएर सरकार बनाएको भए पनि तिनका सांसदहरू रास्वपाको साङ्गठनिक अनुशासनमा तयार भएका होइनन् । कुनै एउटा राजनैतिक पार्टी र तिनका नेताहरू दुई चार वर्षमा परिपक्व हुन सक्दैनन् ।

***अभिभावक...***

शनिबार र आइतबार बिदा दिने निर्णय गर्नु खोटपूर्ण छ । सरकारले भनेजस्तै विद्यालयमा शनिबार र आइतबार बिदा दिने निर्णयले विद्यार्थी, अभिभावक तथा समग्र शैक्षिक प्रणालीमा पार्ने प्रभावप्रति अभिभावक सङ्घको गम्भीर ध्यानाकर्षण भएको छ ।

विद्यालय समय तालिका परिवर्तनले अभिभावकहरूलाई आफ्ना बालबालिकाको उचित व्यवस्थापन गर्न कठिनाइ उत्पन्न हुनेछ । विशेषगरी कामदार अभिभावकहरूका लागि बिदाको दिनमा बालबालिकाको हेरचाह, निगरानी कसले गर्ने भन्ने चिन्ता थपेको छ । बिहान ९ बजेदेखि विद्यालय सञ्चालन गर्दा मजदुरी गर्ने अभिभावकहरू आफ्नो काम छोडेर बालबालिकाहरूलाई ७ बजे नै तयार गर्नुपर्ने अवस्था आउँछ । बिदाको समयमा बालबालिकहरूमा मोबाइल र टीभीको कुलतमा परेर अध्ययनबाट टाढा हुने र एकहोरो हुने जोखिम छ । जसले अतिज्मजस्ता रोगले नयाँ पुस्ताका बालबालिका समस्यामा पर्ने देखिन्छ । एकदिनको बिदाले त बालबालिकाले कति सताउँछ भने दुई दिन अर्थात् शनिबार र आइतबारको बिदाले कस्तो गर्ला अभिभावकहरूलाई चिन्ता बढ्नु स्वाभाविक हो ।

धेरै बिदाले विद्यार्थीहरूको पढाइ बिग्रन सक्ने र बानी–व्यवहार बिग्रने र कुलतमा फस्न सक्ने अवस्था सिर्जना हुन सक्छ । त्यसैले हामीले विद्यार्थीहरूको भविष्यमाथि खेलबाड हुने कुनै पनि निर्णय गर्दा व्यापक अभिभावकहरूको हित र अभिभावकहरूसँग छलफल र समन्वयमा निर्णयहरू गर्दा राम्रो हुने हाम्रो अनुरोध छ ।

आइतबार बिदा नदिँदा समेत कोर्स पूरा गर्न गाऱ्हो भइरहेको बेला थप बिदाले पढाइ समय घट्न गई पाठ्यक्रम पूरा गर्न कठिन हुन सक्छ । विद्यालय सञ्चालनका दिनहरू घट्दा कक्षा समय लम्ब्याउनु पर्ने अवस्था हुन्छ । जसले बालबालिकाको मानसिक, एकाग्रता र सिक्ने क्षमतामा प्रत्यक्ष असर पार्ने सम्भावना हुन्छ । विभिन्न शैक्षिक अध्ययनले बालबालिकाको प्रभावकारी ध्यान केन्द्रित गर्ने क्षमता सीमित समय (सामान्यतया ३०-४५ मिनेट प्रतिसत्र) सम्म रहने देखिन्छ । लामो समयसम्म निरन्तर कक्षा सञ्चालन गर्दा उनीहरूको बुझ्ने क्षमता, सृजनात्मक सोच तथा स्मरणशक्ति कमजोर हुने जोखिम बढ्नेछ ।

नयाँ सत्र वैशाख २ गतेदेखि सुरु गर्नुपर्छ । शिक्षा मन्त्रालयको सूचनाअनुसार १५ गतेदेखि भर्ना अभियान र २१ गतेदेखि पढाइ सुरु गर्ने निर्णय व्यवहारिक छैन । यसले भर्ना अभियानलाई समेत प्रभावित हुने र बालबालिकाहरूको पढाइसमेत बिग्रने सम्भावनालाई मध्यनजर गरी अभिभावकहरू नयाँ सत्र वैशाख सङ्क्रान्तिदेखि सुरु गर्नुपर्ने माग गर्दछ ।

आइतबार बिदा दिने निर्णयमा पुनर्विचार गरी विद्यार्थीमैत्री समयतालिका लागू गरियोस् । बालबालिकाको मानसिक स्वास्थ्य, ध्यान क्षमता तथा सिकाइको गुणस्तरमा पर्ने प्रभावबारे विस्तृत अध्ययन गरी नीतिगत निर्णय गर्न अनुरोध छ । अभिभावक, शिक्षक तथा सरोकारवालासँग व्यापक छलफल गरी दीर्घकालीन समाधान खोज्नुपर्ने हाम्रो माग हो । त्यसैले अभिभावकहरूसँगको छलफलबिना आइतबार बिदा दिने निर्णय कार्यान्वयन नगर्न अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्य समिति अनुरोध गर्दछ ।

सरकारसँग बालबालिकाको समग्र विकास, मानसिक स्वास्थ्य र गुणस्तरीय शिक्षालाई केन्द्रमा राखी निर्णय लिन हामी हार्दिक अनुरोध गर्दछौँ ।

कार्यक्रममा सन्तराम दुलालले भर्ना अभियान, कक्षा सञ्चालन र आइतबार बिदाले अभिभावकहरूलाई पारेको समस्याबारे बताउनुभयो ।

कार्यक्रममा अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्य समितिका सहसचिव राजकुमार लघु कोषाध्यक्ष कृष्णप्रसाद दुमरुको पनि उपस्थिति थियो ।

***नयाँ...***

प्रभाव पर्ने प्रायः निश्चित छ । शिक्षकलाई तालिम नदिई र आवश्यक वातावरण तथा पूर्वतयारी नगरी परीक्षा मात्र नलिँदा विद्यार्थीको जग कमजोर हुने ।

झ) सरकारले हरेक विद्यालयमा विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, कम्प्युटर ल्याव र पुस्तकालय निर्माण गरी विद्यार्थीहरूको चौतर्फी विकासमा टेवा पुऱ्याउन ढिलाइ गर्न नमिल्ने ।

ञ) खेलकुद, गीत-सङ्गीत तथा नाचगानको माध्यमबाट विद्यालय शिक्षालाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन आवश्यक बन्दोबस्त सरकारले गर्न आवश्यक ।

ट) विद्यालय तहका विद्यार्थीहरूका निम्ति चिडियाघर, सङ्ग्रहालय, पार्क, पौडी पोखरी आदि स्थान निःशुल्क बनाउन आवश्यक ।

ठ) एसईई परीक्षालाई मर्यादित, स्तरीय बनाउन जति आवश्यक छ त्यति नै भरपर्दो र गोपनियतासहितको बनाउन आवश्यक छ । परीक्षाका निम्न प्रक्रियासमेत पूरा नगरिए विश्वसनीयता गुम्ने शङ्का बढेको ।

यी बुँदामा संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) नेपाल सरकार शिक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

*२०८३ वैशाख २ गते*

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजख★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा